

बडादसैँको अवसरमा
सम्पूर्ण पाठक, विज्ञापनदाता
तथा शुभेच्छुकमा शुभकामना
नयाँ पत्रिका
अब हाम्रो भेट १२ कात्तिकमा

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ कात्तिक २०८०, शनिबार (21 Oct 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

राष्ट्रसंघका महासचिवले १४ कात्तिकमा संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने

महासचिव एन्टोनियो गुटेरेस १२-१५ कात्तिकसम्म नेपाल भ्रमणमा आउँदै





● **एकराम गिरी**
प्रवक्ता, संसद् सचिवालय

महामहिम गुटेरेसले १४ कात्तिकको अपराह्न ४ बजे संघीय संसद्को संयुक्त सदनलाई सम्बोधनका लागि आवश्यक व्यवस्थाका लागि अनुरोध भई पत्र आएको छ। सचिवालयले आवश्यक तयारी गर्दै छ। संवैधानिक निकायका प्रमुख, राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिलगायतलाई आमन्त्रण तथा अन्य आन्तरिक तयारी भइरहेको छ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निमन्त्रणामा दसैँलगत्तै नेपाल भ्रमणमा आउन लागेका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले १४ कात्तिकमा संघीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने भएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले शुक्रबार संसद् सचिवालयलाई पत्र पठाउँदै संसद्को संयुक्त सदनमा महासचिव गुटेरेसको सम्बोधनको प्रबन्ध मिलाउन अनुरोध गरेको छ।

सरकारको आग्रहअनुसार सचिवालयले महासचिव गुटेरेसको सम्बोधनको तयारी थालेको हो। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले मन्त्रिपरिषद् कार्यालयबाट १४ कात्तिकमा राष्ट्रसंघका महासचिवको सम्बोधन गर्ने प्रयोजनका लागि पत्र प्राप्त भएको र सचिवालयले आवश्यक तयारी थालेको बताए। महासचिव गुटेरेसको भ्रमणलाई केन्द्रित गरी प्रतिनिधिसभाको बैठक १२ कात्तिकमा आह्वान गरिएको छ। दुवै सदनको संयुक्त बैठक बस्ने निर्णय भएको छ।

'महामहिम गुटेरेसले १४ कात्तिकको अपराह्न ४ बजे संघीय संसद्को संयुक्त सदनलाई सम्बोधनका लागि आवश्यक व्यवस्थाका लागि अनुरोध भई पत्र आएको छ,' उनले भने, 'सचिवालयले आवश्यक तयारी गर्दै छ। संवैधानिक निकायका प्रमुख, राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिलगायतलाई आमन्त्रण तथा अन्य आन्तरिक तयारी भइरहेको छ।'

महासचिव गुटेरेस १२-१५ कात्तिकसम्म नेपालको औपचारिक भ्रमणमा आउँदै छन्। महासचिव गुटेरेस आउँदै गर्दा संसद्ले इजरायल र गाजापट्टीमा भएको हमलामा मारिएका बालबालिका तथा नागरिकको सम्झनामा दुःख व्यक्त गर्ने तयारीसमेत छ।

सन् २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन गरेको संघीय संसद्मा त्यसयता विदेशी राष्ट्रप्रमुख तथा विश्वव्यापी संस्थाका पदाधिकारीले सम्बोधन गरेका छैनन्। मोदीपछि महासचिव गुटेरेसले विदेशी पाहुनाका रूपमा सम्बोधन गर्न लागेको प्रवक्ता गिरीले बताए।

परराष्ट्र मन्त्रालयका अनुसार महासचिव गुटेरेसको सम्बोधन विश्व शान्ति, नेपालको शान्ति प्रक्रिया, संक्रमणकालीन न्यायको विषयमा केन्द्रित हुनेछ।

» पृष्ठ २ मा क्रमशः

महासचिव नेपाल आएकै दिन परराष्ट्रमन्त्री साउद अमेरिका जाँदै



काठमाडौं/ परराष्ट्रमन्त्री एनपी साउद १२ कात्तिकमा अमेरिकाको औपचारिक भ्रमणमा जाने भएका छन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस १२ कात्तिकमा काठमाडौं आइपुग्दै छन्। महासचिव गुटेरेसलाई भेटेर त्यही राति परराष्ट्रमन्त्री साउद अमेरिका जाँदै छन्।

उनले पाँच दिनको भ्रमणमा अमेरिकी समकक्षी एन्टोनी ब्लिंकेनसहित उच्च अमेरिकी अधिकारीसँग भेटवार्ता गर्ने कार्यक्रम छ। 'संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेस कात्तिक ११ को राति (१२ गते बिहान) नेपाल आउँदै छन्। त्यही दिन महासचिव गुटेरेससँग कात्तिक १२ गते भेट गरेपछि माननीय परराष्ट्रमन्त्रीज्यू अमेरिका जाने गरी भ्रमणको नयाँ कार्यतालिका बनिरहेको छ,' परराष्ट्रमन्त्रीको सचिवालयले बिहीबार जारी गरेको प्रेस नोटमा भनिएको छ।

प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणपछि परराष्ट्रमन्त्रीको अमेरिका भ्रमण हुन लागेको हो । प्रधानमन्त्रीसँग चीनमा परराष्ट्रमन्त्री साउद साथमा थिए। उनी प्रधानमन्त्री प्रचण्डको विश्वासमा अमेरिका जान लागेका हुन्। २००२ मा तत्कालीन अमेरिकी विदेशमन्त्री कोलिन पावेलपछि कुनै पनि अमेरिकी विदेशमन्त्रीले हालसम्म नेपालको औपचारिक भ्रमण गरेका छैनन्।

तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली २०७५ पुस २ देखि ६ सम्म अमेरिकाको औपचारिक भ्रमणमा थिए। उनले ३ पुसमा अमेरिकी तत्कालीन विदेशमन्त्री माइक पोम्पियोसँग भेटवार्ता गरेका थिए। पाँच वर्षपछि नेपालबाट परराष्ट्रमन्त्रीको औपचारिक भ्रमण हुन लागेको छ।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ दसैँ आयो





शब्द/तस्बिर : **संजित परियार**

दसैँ नजिकिँदै जाँदा उपत्यका छाडेर घर जानेको लर्को लागेको छ। रोजगारी, अध्ययन तथा अन्य पेसा-व्यवसायका लागि राजधानीमा रहेकाहरू धमाधम घर फर्किरहेका छन्। महँगिएको हवाई टिकट र सार्वजनिक सवारीसाधन पनि सहज रूपमा नपाउँदा भने उनीहरूले सास्ती झेलिरहेका छन्। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार शुक्रबार बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्र एक लाख एक हजार नागरिक उपत्यकाबाट बाहिरिएका छन्। अहिलेसम्म ६ लाखभन्दा धेरै बाहिरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एसएसपी राजेन्द्रप्रसाद भट्टले बताए। यो वर्ष १२ लाख सर्वसाधारण उपत्यकाबाट बाहिरिने आकलन गरिएको छ।

समयभित्र छानिएनन् कांग्रेसको नीति अधिवेशनका प्रतिनिधि

■ ४५ जिल्लामा प्रतिनिधि छनोट, ३२ जिल्लामध्ये अधिकांशमा आंशिक क्षेत्रको मात्र निर्वाचन हुन बाँकी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

१३ देखि १५ मंसिरमा हुने नीति अधिवेशनका लागि तोकिएको समयसीमाभित्र कांग्रेसका प्रतिनिधि छानिन सकेनन्। केन्द्रीय निर्वाचन समितिले प्रतिनिधि छनोटका लागि असोज मसान्तभित्र समय तोके पनि ३२ जिल्लाबाट प्रतिनिधि छनोट हुन बाँकी छ।

मंसिरमा काठमाडौंमा हुने नीति अधिवेशनका लागि ४५ जिल्लाबाट प्रतिनिधि छनोट भइसकेको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। निर्वाचन समिति सदस्य जगन्नाथ श्रेष्ठका अनुसार बाँकी जिल्लाका

» पृष्ठ २ मा क्रमशः



दसैँको पूर्णिमाका दिन कांग्रेसको चियापान



● **जगन्नाथ श्रेष्ठ**
निर्वाचन समिति सदस्य

असोज मसान्तको समयावधि तोकिएको थियो। ४५ जिल्लाबाट प्रतिनिधि छनोट भइसकेका छन्, बाँकी ३२ जिल्लामध्ये अधिकांशमा आंशिक क्षेत्रको मात्र निर्वाचन हुन बाँकी छ। प्रक्रियामै छन्, छिट्टै सम्पन्न हुनेछन्।

कांग्रेसले कोजाग्रत पूर्णिमा (११ कात्तिक)का दिन दसैँ, तिहार र छठको अवसर पारेर शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम आयोजना गर्ने भएको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार यसअघि लगातार तीन वर्षसम्म रोकिएको चियापान पार्टी कार्यालय सानेपामा गर्न लागिएको हो। कांग्रेसमा प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाका दिन चियापान आयोजना गर्ने प्रचलन रहेको छ। २०३३ मा बिपी कोइरालाले मेलमिलापको नीति लिएर स्वदेश फर्किएपछि २०३४ बाट कांग्रेसले कोजाग्रत पूर्णिमाका दिन चियापान आयोजना गर्दै आएको थियो। तर, पछिल्लो तीन वर्षदेखि चियापान रोकिएको छ। कोरोना महामारी र गत वर्ष सम्पन्न निर्वाचनका कारण लगातार तीन वर्ष चियापान रोकिएको थियो।

हमास आक्रमणमा मारिएका चार नेपाली विद्यार्थीको शव भोलि काठमाडौं ल्याइँदै

काठमाडौं/ दक्षिणी इजरायलको किबुज अलुममा हमास समूहको आक्रमणमा परी निधन भएका १० मध्ये चार विद्यार्थीको शव आइतबार काठमाडौं ल्याइने भएको छ। शनिबार दिउँसोको १:२५ बजे फ्लाई दुबईको उडानबाट शव नेपाल पठाउन लागिएको नेपाली दूतावासले जनाएको छ। सम्पूर्ण कानुनी प्रक्रिया पूरा भएका शव मात्र ल्याउन थालिएको हो। दूतावासका अनुसार नारायणप्रसाद न्यौपाने, लोकेन्द्रसिंह धामी, दीपेशराज विष्ट र आशिष चौधरीको शव ल्याउन लागिएको छ।

फ्लाई दुबईमार्फत दुबईसम्म तथा त्यही विमानमार्फत काठमाडौंसम्म पुग्ने गरी व्यवस्था मिलाइएको नेपाली दूतावासको भनाइ छ। 'शव मिति ०८० कात्तिक ५ गते आइतबार बिहान काठमाडौं पुग्नेछ। अन्य शव पहिचानको काम क्रमशः भइरहेको छ,' नेपाली दूतावासले विज्ञप्तिमा भनेको छ। नेपाली दूतावासले उपलब्ध सम्पूर्ण संयन्त्र/माध्यमहरूको प्रयोग गरी सम्पर्कविहीन रहेका विपिन जोशीको खोजी कार्यमा प्रयास केन्द्रित गरेको जनाएको छ।

■ दसैँमा उपचार सेवा

डायलाइसिस, आइसियू, इमर्जेन्सी र गम्भीर रोगका बिरामीले सहजै सेवा पाउने

शिवहरि घिमिरे/नयाँ पत्रिका

दसैँको बिदामा ठूला सरकारी अस्पतालले अत्यावश्यकबाहेकका उपचार सेवा ठप्प पार्ने भएका छन्। ४ कात्तिकदेखि टीकाको भोलिपल्ट ८ कात्तिकसम्म (पाँच दिन)सम्म सबै सरकारी अस्पतालले अत्यावश्यकबाहेकका सेवा बन्द गर्ने भएका हुन्।

दसैँका बेला बिरामीको चाप कम हुने र स्वास्थ्यकर्मी पनि बिदामा बस्ने भएकाले उपचार सेवा खुम्च्याइएको हो। वीर अस्पतालका कार्यकारी निर्देशक डा. सन्तोष पौडेलले शुक्रबारदेखि दसैँ बिदा हुने भएकाले अत्यावश्यकबाहेकका उपचार सेवा पनि बन्द गरिने जानकारी दिए। 'ओपिडी र नियमित सेवा टीकाको भोलिपल्टसम्म बन्द हुन्छन्, तर अत्यावश्यक उपचार सेवा बन्द गर्दैनौं,' उनले भने, 'त्यसका लागि केही स्वास्थ्यकर्मी अस्पतालमा खट्नुहुन्छ।' उनले डायलाइसिस, आइसियू, इमर्जेन्सी र गम्भीर रोगका बिरामीले दसैँका बेलामा अन्य समयमा भन्दा प्रभावकारी सेवा पाउने बताए। दसैँका बेला बिरामीको चाप र भिड कम हुने भएकाले पनि दिइएका अत्यावश्यक सेवा प्रभावकारी हुने उनको भनाइ छ।

दसैँका बेला अस्पतालमा बिरामीको चाप कम हुन्छ। अधिकांश स्वास्थ्यकर्मी दसैँ मनाउन बिदा बस्छन्। चाडबाडका बेला बिरामीको संख्या कम हुने कारण देखाउँदै अस्पतालहरूले हरेक वर्ष नियमित र ओपिडी सेवा बन्द गर्दै आइरहेका छन्।

वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, टेकु अस्पताल, निजामती अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, केएमसी अस्पताल, गंगालाल अस्पताललगायतमा पनि दसैँका बेला ओपिडी सेवा ठप्प हुनेछन्। भर्ना भइसकेका र इमर्जेन्सीमा आउने बिरामीलाई भने यी अस्पतालले आकस्मिक उपचार सेवा प्रवाह गर्नेछन्। यसबाहेक अप्रेसन गर्नुपर्ने र तत्काल उपचार गर्नुपर्ने बिरामीले भने निरन्तर उपचार सेवा पाइरहनेछ।



समीरकुमार अधिकारी,
सहप्रवक्ता, स्वास्थ्य मन्त्रालय

दसैँका बेला अस्पतालले इमर्जेन्सी सेवा रोक्न पाउनेछैनन्। अत्यावश्यक र उपचार नगरी नहुने बिरामी संख्याअनुसार स्वास्थ्यकर्मी अस्पतालमै हुनुपर्छ। ओपिडी सेवा भने अस्पतालले बन्द गर्न सक्छन्।



डा. सन्तोष पौडेल,
कार्यकारी निर्देशक, वीर अस्पताल

शुक्रबारदेखि दसैँ बिदा हुने भएकाले अत्यावश्यकबाहेकका उपचार सेवा पनि बन्द गरिनेछ। ओपिडी र नियमित सेवा टीकाको भोलिपल्टसम्म बन्द हुन्छन्, तर अत्यावश्यक उपचार सेवा बन्द गर्दैनौं।


■ बिहीबार त्रिवि शिक्षण अस्पतालमा ७५०, वीर अस्पतालमा १२ सय, निजामती अस्पतालमा पाँच सय, पाटन अस्पतालमा ८ सय, शुक्रराज टूपिकल तथा सरुवा रोग अस्पतालमा तीन सय हाराहारीले ओपिडी सेवा लिएका थिए।

आकस्मिक सेवा र एम्बुलेन्स सेवा २४सै घन्टा उपलब्ध

दसैँका बेला सरकारी अस्पतालले ओपिडी सेवा बन्द गरे पनि आकस्मिक सेवा भने सञ्चालन नै गर्दै आएका छन्। यसबारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै सरकारी अस्पताललाई परिपत्र गरिसकेको छ। परिपत्रमा गम्भीर प्रकारका उपचार सेवा प्रभावित नपार्न पनि निर्देशन दिएको छ। मन्त्रालयले पालो मिलाएर अस्पतालका कर्मचारीलाई बिदा बस्न आग्रह गरेको छ। पालो मिलाउँदा दसैँका बेला बिदा बसेकाहरू तिहारका बेला खट्ने गर्छन्।

घटस्थापनयता उपत्यकाका सरकारी अस्पतालमा बिरामीको संख्या घट्न थालेको छ। यो संख्या फूलपातीसम्म क्रमशः घट्दै जानेछ। आकस्मिक सेवाबाहेकका

» पृष्ठ २ मा क्रमशः



गैरआवासीय नेपाली संघको निर्वाचन फेरि पनि विवादमा



अध्यक्षमा बद्री केसी विजयी

विस्तृत पृष्ठ ७

विरोध प्रदर्शन



गाजा क्षेत्रमा इजरायलले गरेको आक्रमण रोकी युद्धविराम गर्न माग गर्दै बृहत् नागरिक आन्दोलनले विरोध प्रदर्शन गरेको छ। अल अहली अरब अस्पतालमा गरिएको आक्रमणको विरोध गर्दै अभियानले समस्या समाधानको पहल नलिइएकोमा आपत्ति जनाएको छ। 'इजरायल-प्यालेस्टाइन संकट सम्यक समाधानको पहलको सट्टा निहत्था प्यालेस्टाइनी नागरिकमाथि अत्याचार र संहार जारी राख्ने क्षेत्रीय तथा विश्व-शक्तिहरूको स्वार्थको हामी कडा शब्दमा निन्दा गर्दछौं,' नागरिक आन्दोलनले जारी गरेको विज्ञप्तिमा भनिएको छ। १० नेपालीसहित सयौँको ज्यान जाने गरी इजरायलमा प्यालेस्टाइनी अतिवादी समूह हमासले गरेको आतंककारी हमलाको समेत अभियानले भर्त्सना गरेको छ। 'त्यस घटनाको निहुँमा प्यालेस्टाइनको गाजा सहरस्थित अल अहली अरब अस्पतालमा गरिएको नरसंहारकारी आक्रमणमा बिरामी, स्वास्थ्यकर्मी र सुरक्षित आश्रय खोजिरहेका सर्वसाधारणको ठूलो हताहतीले न्यायप्रेमी विश्व समुदायलाई पुनः स्तब्ध र आक्रोशित पारेको छ,' विज्ञप्तिमा भनिएको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

धरानमा बन्यो जिल्लाकै लामो झोलुंगे पुल



धरानमा **केदार बस्नेत**

धरानमा सुनसरी जिल्लाकै सबैभन्दा लामो झोलुंगे पुल निर्माण भएको छ। धरान उपमहानगरपालिका-५ स्थित अँधेरीखोलामा निर्माण भएको झोलुंगे पुलको शुक्रबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले उद्घाटन गरे।

आँपटार र ठिंगबारी गाउँको बीचमा रहेको अँधेरी खोलामा दुई सय ३३ मिटर लामो सस्पेन्सन झोलुंगे पुल निर्माण भएको छ। प्रदेश सरकारको शहरी विकास मन्त्रालय, स्थानीय पुर्वाधार विभाग मातहतको सस्पेन्सन ब्रीज डिभिजनले एक करोड आठ लाख ४२ हजार ९१५ रुपैयाँ लागतमा उक्त पुल निर्माण भएको धरान-५ का वडाध्यक्ष मनप्रसाद लिम्बूले जानकारी दिए। उनका अनुसार पुलको भारवाहन क्षमता ७० मेट्रिक टन अथवा पाँच सय तीनजना मानिसको भारबराबर रहेको छ।

पुल निर्माण भएपछि ठिंगबारी र आँपटार हुँदै धरानको बजारसम्म सीधै जोडिएर स्थानीयबासीहरूलाई सुविधा भएको छ। पुल नहुँदा धेरै दुःख कष्ट खेपेको स्थानीयले बताएका छन्। स्थानीय रविन गिरीले भने, 'हामीलाई अहिले बाढी आएको वेला पनि सागसब्जी तथा दुध बजार पुऱ्याउन सहज भएको छ भने केटाकेटीहरूलाई विद्यालय जान आउन पनि सुविधा भएको छ।' त्यस्तै, आँपटारकी रमिता राईले आफुहरू धान कुटाउन मिल जानुपर्दा, बच्चाहरूलाई बालविकास केन्द्र पठाउँदा र वडा कार्यालय जान सहज भएको बताइन्।

माघभित्र जिल्ला र पालिका अधिवेशन गर्न एमालेको निर्देशन

काठमाडौं/ एमालेले पार्टीका जिल्ला तथा पालिका तहका अधिवेशन आगामी माघ मसान्तभित्र सम्पन्न गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिएको छ। एमालेको केन्द्रीय संगठन विभागको गत ३० असोजमा बसेको बैठकले प्रदेश कमिटीका अधिवेशन निर्धारित समयमा सम्पन्न भइसकेका हुँदा जिल्ला, स्थानीय तह र वडा तहका कमिटीका अधिवेशन सम्बन्धमा निर्णय लिएको हो। बैठकले फागुन र चैतमा पार्टी सदस्यता नवीकरणसँगै वडा र टोल कमिटीका अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको विभाग सचिव माधव ढुंगेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। पार्टीका स्थायी कमिटी सदस्य तथा सगठन विभाग प्रमुख काशीनाथ अधिकारीको अध्यक्षतामा बसेको बैठकले पार्टी सदस्यता प्रमाणीकरण प्रतिवेदन अनुमोदन गरेको छ। सोअनुसार भारत प्रवास र अन्तर्राष्ट्रिय कमिटीमातहतका सदस्यबाहेक पार्टीका साढे पाँच लाख सदस्यको सदस्यता प्रमाणीकरण भएको छ।

प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकारमा डा. सापकोटा नियुक्त



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको परराष्ट्र सल्लाहकारमा परराष्ट्र मामिलाका जानकारकार डा. रुपक सापकोटा नियुक्त भएका छन्। बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले सापकोटालाई सल्लाहकारमा नियुक्त गरेको हो। डा. सापकोटा हाल त्रिभुवन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विषयमा प्राध्यापनरत छन्। यसअघि डा. सापकोटाले परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको उपकार्यकारी निर्देशकको जिम्मेवारी निर्वाह गरेका छन्।

बकैयामा बस दुर्घटना २२ जना घाइते, ३ को अवस्था गम्भीर

मकवानपुर/ बकैया गाउँपालिकामा शुक्रबार यात्रु बस दुर्घटना हुँदा २२ जना घाइते भएका छन्। तीनजनाको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार अपराह्न हेटौँडाबाट बागमती गाउँपालिकाको जुइनातर्फ जाँदै गरेको ना. ४ख ३९८८ नम्बरको यात्रु बस दुर्घटना भएको हो। मदन भण्डारी राजमार्ग (धरान-चतरा सडकखण्ड)अन्तर्गत पर्ने बकैया गाउँपालिकाको वडा नम्बर ५ तीनतलेमा बस दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएकाहरूको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ।

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालयः
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८०/०७/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलको शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गरी आएका तपसिलमा उल्लेखित ऋणीहरुले कर्जा लिदाँका बखत गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरी संस्थालाई समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम भाखा अवधि भित्र चुक्ता भुक्तान नगरी बारम्बार लिखित तथा मौखिक तरताकेता गरी जानकारी गराउँदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले **३५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज, हर्जना तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता फर्छयौट गर्न/गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उपरोक्त समय अवधि भित्र पनि संस्थाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरे/नगराएमा नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन बमोजिम तपाई ऋणी, फर्मका प्रोप्राईटर तथा जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा सूचिकृत गरी कर्जा लिदाका बखत धितो सुरक्षणमा लेखि लेखाई दिएको श्रीसम्पत्ति तथा जायजेथा कानून बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपरका लागि आवश्यक कानूनी कारबाही प्रारम्भ गरिने व्यहोरा जानकारी गराइन्छ। सुरक्षणमा रहेको श्रीसम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा जमानीकर्ताहरुको घरघरानामा रहेको अन्य चल–अचल जायजेथा/श्रीसम्पत्ती समेतबाट कानून बमोजिम असुल उपर गरिने व्यहोरा यसै सूचना मार्फत सूचित गरिन्छ।

तपसिल :

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
१. ऋणीको नामः दिव्य चौधरी वावुको नामः लाल बहादुर चौधरी ससुराको नामः भरथरी चौधरी पतिको नामः विश्राम चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं.: ३६६।९, जारी मितिः २०४५।०३।०२ जारी जिल्लाः दाङ **कर्जा शिर्षकः आवास कर्जा** **शाखा कार्यालय : घोराही, दाङ** **सुरक्षण धितोको विवरणः** लाल बहादुर चौधरी को छोरी भरथरी चौधरीको बुहारी विश्राम चौधरीको श्रीमती दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ बस्ने दिव्य चौधरीको नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता कायम रहेको दाङ जिल्ला हरिद्वार वडा.न. २।क स्थित कि.नं. ४९२ र ४९३ को क्षेत्रफल १२६।९९ र १२६।९७ ब.मी को जग्गा र उक्त जग्गामा बनेको पक्की घर समेत।	**क. नाम : रिता चौधरी** बाबुको नाम : विश्राम चौधरी बाजेको नाम : भरथरी चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ९०९६।३४७८ जारी मितिः २०६२।०७।२३ जारी जिल्ला : दाङ **ख. नाम : किरण चौधरी** बाबुको नाम : विश्राम चौधरी बाजेको नाम : भरथरी चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ५२-०१-७५-०२००४ जारी मितिः २०७५।०४।०४, जारी जिल्लाः दाङ **ग. नामः राजु चौधरी** बाबुको नाम : लाल बहादुर चौधरी बाजेको नाम : रिसमन चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ७३८४।२५६६ जारी मितिः २०६०।१०।११ जारी जिल्लाः दाङ

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
२. ऋणीको नामः दिव्या बहुउदेश्यीय कृषि तथा पशुपछि फर्म दर्ता न. १४०४।६१९८, दर्ता मिति २०७७-११-१६ प्यान नम्बरः १२०२३५२८९, प्यान दर्ता मिति २०७७।११।०७ फर्मको ठेगानाः घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ **प्रोप्राइटर/जमानीकर्ताको नामः दिव्य चौधरी** बाबुको नामः लाल बहादुर चौधरी पतिको नामः विश्राम चौधरी ससुराको नामः भरथरी चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ३६६।९, जारी मितिः २०४५।०३।०२ जारी जिल्लाः दाङ **कर्जा शिर्षकः कृषि कर्जा, शाखा कार्यालय : घोराही, दाङ** **सुरक्षण धितोको विवरणः** लाल बहादुर चौधरीको छोरी भरथरी चौधरीको बुहारी विश्राम चौधरीको श्रीमती दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ बस्ने दिव्य चौधरीको नाममा मालपोत कार्यालय घोराही दाङमा दर्ता कायम रहेको दाङ जिल्ला हरिद्वार वडा.न.२।क स्थित कि.नं. ३८० र ३७८ को क्षेत्रफल १३५।४३ र १९४।६९ ब.मी को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।	**क. नाम : रिता चौधरी** बाबुको नाम : विश्राम चौधरी बाजेको नाम : भरथरी चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ९०९६।३४७८ जारी मितिः २०६२।०७।२३ जारी जिल्ला : दाङ **ख. नाम : किरण चौधरी** बाबुको नाम : विश्राम चौधरी बाजेको नाम : भरथरी चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ५२-०१-७५-०२००४ जारी मितिः २०७५।०४।०४, जारी जिल्लाः दाङ **ग. नामः राजु चौधरी** बाबुको नाम : लाल बहादुर चौधरी बाजेको नाम : रिसमन चौधरी ठेगानाः दाङ जिल्ला त्रिभुवननगर पालिका वडा.न. ०३ हालः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १७ बगर्दि, दाङ ना.प्र.नं. ७३८४।२५६६ जारी मितिः २०६०।१०।११ जारी जिल्लाः दाङ

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
३. ऋणीको नामः श्री सुनिल शर्मा बाबुको नाम : चुडामणी शर्मा बाजेको नाम : गुरु प्रसाद शर्मा ठेगाना : हलवार-३, दाङ हालः का.म..न.पा.वडा नं. ४, बिशालनगर ना.प्र.नं ५२१०२८/६८ जारी मितिः २०६५/०७/०६ जारी जिल्लाः दाङ **कर्जा शीर्षकः पेशागत कर्जा** **शाखा कार्यालयः चावहिल,काठमाडौं**	**क) नाम : श्री चुडामणी शर्मा** स्थायी ठेगानाः हलवार-३, दाङ हालः का.म..न.पा.वडा नं.४, बिशालनगर बाबुको नाम : गुरु प्रसाद शर्मा बाजेको नाम : हिम कान्त शर्मा ना.प्र.नं ११८०८ /२५३५ जारी मितिः २०४२/१०/२९ जारी जिल्लाः दाङ **ख) नामः श्री सोनु कंडेल** स्थायी ठेगाना : चैलाही-३ दाङ, हालः का.म..न.पा.वडा नं.४ बिशालनगर, ससुराको नाम : चुडामणी शर्मा पतिको नाम : सुनिल शर्मा ना.प्र.नं : ५२२०१० /३७५९ जारी मितिः २०६९/१२/१९ जारी जिल्लाः दाङ
श्री सुनिल शर्माको नाममा श्री चुडामणी शर्मा र श्री सोनु कंडेल जमानीकर्ता रहने गरी पेशागत कर्जा उपभोग गर्दै आएको मा कर्जाको समय समयमा तिर्नु बुझाउनुपर्ने सावा/ब्याज तथा अन्य दै दस्तूर रकम संस्था संग गरेको शर्त सम्झौता बमोजिम भुक्तानी नगरी बारम्वार मौखिक तथा लिखित तर ताकेता गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तान नगरी आलटाल गरेको हुनाले ३५ दिने कर्जा चुक्ता गर्न आउन सूचित गरिन्छ। अन्यथा नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशिकामा भएको व्यवस्था बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्रको कालो सुचिमा सूचिकृत गरि थप कानूनी कारवाही गरिने छ।	

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
४. ऋणीको नामः सम्जिरन मिया पतिको नामः फिरोज मिया ससुराको नामः खलिल मिया बुवाको नामः जुल्तराफ मिया ठेगानाः घोराही उ.म.न.पा. वडा.न. १५ ट्राफिक टोल, दाङ ना.प्र.न. ३९-०१-७३-०८९९६ जारी मितिः २०७३/११/१७ जारी जिल्लाः पाल्पा **कर्जा शिर्षकः आवास कर्जा** **शाखा कार्यालय : घोराही, दाङ** **सुरक्षण धितोको विवरणः** जुल्तराफ मियाको छोरी खलिल मियाको बुहारी फिरोज मिया को श्रीमति पाल्पा जिल्ला तानसेन न.पा. बडा.न. १३ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १५ ट्राफिक टोल, दाङ बस्ने सम्जिरन मियाको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला घोराही न.पा. ४।क स्थित कि.नं. ३७४२, ३७३८ को क्षेत्रफल १०८।४८ र १३१।४२ ब.मी को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत।	**क. नाम : फिरोज मिया** बाबुको नामः खलिल मिया बाजेको नामः अलिमान मिया ठेगानाः घोराही उ.म.न.पा. वडा.न.१५ ट्राफिक टोल, दाङ ना.प्र.नं. ३९-०१०७३-०८९९५ जारी मितिः २०७३।११।१७, जारी जिल्लाः पाल्पा **ख. नाम : अफरोज खान** बाबुको नाम : फिरोज मिया बाजेको नाम : खलिल मिया ठेगानाः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १५ ट्राफिक टोल, दाङ ना.प्र.नं. ५२१०२०।१३२६ जारी मितिः २०६४।१२।०१, जारी जिल्लाः दाङ **ग. नामः मन्रोज खान** बाबुको नाम : अफरोज मिया बाजेको नाम : फिरोज मिया ठेगानाः दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १५ ट्राफिक टोल, दाङ ना.प्र.नं. ९५१५।३७०५, जारी मितिः २०६३।०१।१८ जारी जिल्लाः दाङ

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
५. ऋणीको नामः आशा देवी बाठा पतिको नामः दिल बहादुर बाठा ससुराको नामः अतिराम बाठा पिताको नामः बिर्खु घर्ति ठेगानाः घोराही उ.म.न.पा. वडा.न. १४ नयाँबजार, दाङ ना.प्र.नं. १४०७(इ.न.५.)५२० जारी मितिः २०४६।०३।०१, जारी जिल्लाः रोल्पा **कर्जा शिर्षकः व्यक्तिगत कर्जा** **शाखा कार्यालय : घोराही, दाङ** **सुरक्षण धितोको विवरणः** बिर्खु घर्ति को छोरी अतिराम बाठाको बुहारी दिल बहादुर बाठा को श्रीमति रोल्पा जिल्ला भवाङ गा.वि.स. बडा.न. ०१ स्थायी घर भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा.न. १४ नयाँबजार, दाङ बस्ने आशा देवी बाठाको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला घोराही न.पा. १।क स्थित कि.नं. ३१३, ३११ को क्षेत्रफल ८४।६६ र ११०।०५ ब.मी को जग्गा र जग्गामा बनेको पक्की घर समेत।	**क. नाम : दिल बहादुर बाठा** बाबुको नाम : अतिराम बाठा बाजेको नाम : वीरे बाठा ठेगानाः घोराही उ.म.न.पा. वडा.न. १४ नयाँबजार, दाङ ना.प्र.नं. ३१३६, जारी मितिः २०४९।१०।२२ जारी जिल्लाः रोल्पा **ख. नाम : भुपेन्द्र बाठा मगर** बाबुको नाम : दिल बहादुर बाठा बाजेको नाम : अतिराम बाठा ठेगाना : घोराही उ.म.न.पा. वडा.न. १४ नयाँबजार, दाङ ना.प्र.नं. ५२-०१-७०-००८७२ जारी मितिः २०७०।०२।१६, जारी जिल्लाः दाङ **ग. नामः पञ्चमाया बाठा मगर** बाबुको नाम : दिल बहादुर बाठा बाजेको नाम : अतिराम बाठा ठेगाना : घोराही उ.म.न.पा. वडा.न. १४ नयाँबजार, दाङ ना.प्र.नं. ५२-०१-१०-०३१९९ जारी मितिः २०६०।०६।१५ जारी जिल्लाः दाङ

ऋणीको नाम थर तथा तिन पुस्ते विवरण	संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण
६. ऋणीको नामः सौगात अटो ट्रेडर्स दर्ता न. ११२२०।४६० दर्ता मिति २०७४।०९।०५ घरेलु तथा साना उघोग कार्यालय प्यान नम्बरः ६०७२८५९३० प्यान दर्ता मिति २०७४।०९।०६ फर्मको ठेगानाः बबई गा.पा. वडा.न. ०७ बबई दाङ **प्रोप्राइटर/जमानीकर्ताको नामः शुस्मा डागी** बाबुको नामः प्रेम बहादुर के.सी पतिको नामः ईन्द्र बहादुर डागी ससुराको नामः मोहनलाल डागी ठेगानाः दाङ जिल्ला बबई गा.पा. वडा.न. ०७ चकरमटिया, बबई दाङ ना.प्र.नं. १४७१६६६ जारी मितीः २०५६।०२।०७, जारी जिल्ला : दाङ **कर्जा शिर्षकः हा.प. व्यापार कर्जा** **शाखा कार्यालय : घोराही, दाङ**	**क) नामः मोहनलाल डागी** बाबुको नामः नन्दलाल डागी बाजेको नामः पश्छिमा डागी ठेगानाः दाङ जिल्ला बबई गा.पा. वडा.न. ०७ चकरमटिया, बबई दाङ ना.प्र.नं. ६७९६।५१२, जारी मितिः २०३६।१०।०९ जारी जिल्लाः दाङ **ख) नामः बाटुली डागी** पतिको नाम : मोहनलाल डागी ससुराको नामः नन्दलाल डागी ठेगानाः दाङ जिल्ला बबई गा.पा. वडा.न. ०७ चकरमटिया, बबई दाङ ना.प्र.नं. रा.न.टो.न. २१९६।५१ जारी मितिः २०४३।१०।२८, जारी जिल्लाः दाङ **ग) नामः शुसिला डागी** बाबुको नामः दल बहादुर बुढाथोकि पतिको नामः राम बहादुर डागी ठेगानः दाङ जिल्ला बबई गा.पा. वडा.न. ०७ चकरमटिया, बबई दाङ ना.प्र.नं.५२३०४७६९३ जारी मितिः २०६३।१२।०२, जारी जिल्लाः दाङ
सुरक्षण धितोको विवरणः १) प्रेम बहादुर के.सी.को छोरी मोहनलाल डागीको बुहारी ईन्द्र बहादुर डागीको श्रीमती दाङ जिल्ला पैंचकुले गा.वि.स. बडा न. ०५ स्थायी घर भई हाल दाङ जिल्ला बबई गा.पा. वडा न.०७ चकरमटिया, दाङ बस्ने शुस्मा डागीको नाममा मालपोत कार्यालय तुल्सीपुर, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला धनौरी वडा.न. ४।क स्थित कि.नं. ४४३ को क्षेत्रफल ४७४०।१६ ब.मी को जग्गा र उक्त जग्गाले चर्चेको लिगलिगपात समेत। २. यस वित्तीय संस्थाको नामा दर्ता भई ऋणी **सौगात अटो ट्रेडर्स** कायम रहेको निम्न अनुसारको न्यु होल्याण ब्याकहो लोडर-१ थान। इन्जिन न. 8045.45*740-211753, च्यासिस न. NKJOB80BCHKHOO139, दर्ता न. लु १ क २२६१, Model: B80B Bachkhoe loader Seat Capacity-02	

महासंघका...

पृष्ठ १ बाट क्रमशः

परराष्ट्रमन्त्री एनपी साउदले महासचिव गुटेरेसको भ्रमणको तयारी भइरहेको बताए। भ्रमणको कार्यतालिका मन्त्रालयले सार्वजनिक गरिसकेको र सोहीअनुसार तयारी भइरहेको उनको भनाइ छ।

महासचिव गुटेरेसले नेपालको शान्ति प्रक्रियाबारे सम्बोधन गर्दै गर्दा विस्तृत शान्ति सम्झौता भएको १७ वर्षसम्म पनि संक्रमणकालीन न्याय टुंगिएको छैन। अपूरो कानुन बन्दा सर्वोच्च अदालतले नै पूर्ण कानुन बनाउन आदेश दिए पनि संसद्ले अझै कानुन बनाउन सकेको छैन। संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा दलहरू चारवटा विषयमा सहमतिमा पुग्न सकेका छैनन्।

टिआरसी विधेयक लामो समयदेखि प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा अड्किएको छ। उपसमितिले विवाद थाती राखेर प्रतिवेदन बुझाए पनि पूर्ण समितिले सहमति जुटाउन नसक्दा संसद्मा आउन सकेको छैन। महासचिव गुटेरेसको भ्रमणलाई लिएर दलहरूले अग्रसरता देखाए पनि निष्कर्षमा पुगेको छैन।

परराष्ट्र मन्त्रालयका अनुसार महासचिव गुटेरेसलाई नेपाल सरकारले सरकार प्रमुखको कूटनीतिक मर्यादा दिएको छ। नेपाली सेनाले उनको सुरक्षाको प्रबन्ध गरेको छ। महासचिव गुटेरेसले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री प्रचण्ड, सभामुख देवराज घिमिरेलगायत उच्च पदाधिकारीसँग भेट्ने तयारी छ।

समयभित्र...

पृष्ठ १ बाट क्रमशः

आंशिक क्षेत्रमा निर्वाचन हुन बाँकी छ।

'असोज मसान्तको समयावधि तोकिएको थियो। ४५ जिल्लाबाट प्रतिनिधि छनोट भइसकेका छन्, बाँकी ३२ जिल्लामध्ये अधिकांशमा आंशिक क्षेत्रको मात्र निर्वाचन हुन बाँकी छ। प्रक्रियामै छन्, छिट्टै सम्पन्न हुनेछन्,' श्रेष्ठले नयाँ पत्रिकासँग भने।

समितिका अनुसार पाँचथर, इलाम, संखुवासभा, धनकुटा, सप्तरी, सिराहा, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, चितवन, भक्तपुर, मकवानपुर, गोरखा, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, स्याङ्जा, नवलपरासी, गुल्मी, रुकुम (पूर्व), रुकुम (पश्चिम) रोल्पा, प्युठान, बाँके, डोल्पा, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, सुर्खेत, बझाङ, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा गरी ३६ जिल्लामा निर्वाचन भएको विवरण निर्वाचन समितिलाई आएको छ। केहीमा अनुशासन समितिले कारबाही सिफारिस गरेकाले अर्को प्रतिनिधिको नाम मागिएको छ।

समिति सदस्य श्रेष्ठले यसबाहेक तेह्रथुम, रौतहट, सिन्धुपाल्चोक, नवलपुर, रुपन्देही, बर्दिया, बाजुरामा निर्वाचन सम्पन्न भएको जानकारी दिए। तर, यी जिल्लाको आधिकारिक विवरण भने समितिमा आएको छैन।

१४औं महाधिवेशनबाट नेतृत्व चयन गरे पनि कांग्रेसले नीतिका विषयमा छुट्टै महाधिवेशन गर्ने निर्णय गरेको थियो। १० साउनमा केन्द्रीय समिति बैठकले महासमिति बैठक बोलाउने र महासमिति बैठकबाटै नीति अधिवेशनसमेत गर्ने निर्णय लिएको थियो। ८ असोजमा सम्पन्न केन्द्रीय समिति बैठकले सभापति शेरबहादुर देउवाको संयोजकत्वमा मूल तयारी समिति गठन गरेको छ।

डायलाइसिस...

पृष्ठ १ बाट क्रमशः

बिरामीको संख्या कम हुँदै गएको अस्पतालले जनाएका छन्। बिहीबार त्रिवि शिक्षण अस्पतालमा सात सय ५०, वीर अस्पतालमा एक हजार दुई सय, निजामती अस्पतालमा पाँच सय, पाटन अस्पतालमा ८ सय, शुक्रराज टूपिकल तथा सरुवा रोग अस्पतालमा तीन सय हाराहारीले ओपिडी सेवा लिएका थिए। ओपिडीमा आउने बिरामीको संख्या घटस्थापनादेखि कम हुँदै आइरहेको छ।

डायलाइसिस र अन्य गम्भीर रोगका बिरामीले दसैँका वेला उपचार सेवा सहजै पाउने भएका छन्। उनीहरूको तालिकाअनुसार नै डायलाइसिस सेवा प्रदान गरिनेछ भने अन्य गम्भीर र इमर्जेन्सीमा आउने बिरामीको उपचारको समस्या नहुने अस्पतालहरूले जनाएका छन्। निजामती अस्पतालका निर्देशक डा. विधाननिधि पौडेलले दसैँका वेला अत्यावश्यक उपचार सेवा सहजै पाइने बताए। 'गम्भीर र इमर्जेन्सीमा आउने बिरामीले सहजै उपचार सेवा पाउनुहुन्छ,' उनले भने, 'तर, नियमित र ओपिडी सेवा चार दिन बन्द हुन्छ।'

दसैँतिहारका वेला अस्पतालहरूले एम्बुलेन्स सेवा पनि सहजै प्रदान गर्नेछन्। यसबाहेक केही सेवाप्रदायक संस्थाहरूले पनि एम्बुलेन्स सेवा दिँदै आइरहेका छन्। एम्बुलेन्स सेवा र अत्यावश्यक उपचारमा दसैँका वेला कुनै पनि अवरोध नहुने स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता समीरकुमार अधिकारीले जानकारी दिए। उनका अनुसार ओपिडी सेवा भने अस्पतालहरूले बन्द गर्ने बताए। तर, उपचार नगरी नहुने र गम्भीर रोगका बिरामीको उपचार सहज गराउने व्यवस्था मन्त्रालयले मिलाएको छ। 'दसैँका वेला अस्पतालले इमर्जेन्सी सेवा रोक्न पाउनेछैनन्,' उनले भने, 'अत्यावश्यक र उपचार नगरी नहुने बिरामी संख्याअनुसार स्वास्थ्यकर्मी अस्पतालमै हुनुपर्छ।'

वीरले दसैँलगत्तै 'होलबडी' चेकचाँज सेवा सञ्चालन गर्ने

वीर अस्पतालले अतिरिक्त उपचार सेवा थप गर्ने भएको छ। दसैँलगत्तै होलबडी चेकजाँचको उपचार सेवा प्रदान गर्न लागिएको अस्पतालका कार्यकारी निर्देशक पौडेलको भनाइ छ। उनका अनुसार अस्पतालले प्रदान गर्ने होलबडी चेकअपको प्याकेज तयार भइसकेको छ। बिरामी वा कुनै रोगको शंका लाग्नेले निश्चित शुल्क तिरेर यो सेवा लिन पाउनेछन्। बिहान ८ देखि १२ सम्म सेवा यो सेवा उपलब्ध हुनेछ भने अन्य अस्पतालमा भन्दा सस्तो शुल्क लिइनेछ। दसैँपछि पुरानै भवनबाट सुरु हुने यो सेवाअन्तर्गत बिरामी वा रोगको लक्षण नदेखिएका व्यक्तिले पनि स्वास्थ्य परीक्षण गराउन सक्नेछन्।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार ४ कात्तिक ०८०
nayapatrikaofficial @naya_patrika

पछिल्लो समय घुमघामको संस्कृति बढ्दै गएको छ। बिदाका वेला साथीभाइ, आफन्त परिवारसँग घुम्न निस्कनेको संख्या बाक्लिँदो छ। आन्तरिक पर्यटनको चहलपहल बढ्दो छ। यही कारण हुन सक्छ, पछिल्ला दशकमा देशभर घुम्ने नयाँ-नयाँ पर्यटकीय गन्तव्य बनेका छन्। देशैभरि नयाँ-नयाँ पर्यटकीय गन्तव्य कहाँ-कहाँ छन् ? यसपटक दसैँ विशेषको रूपमा 'झन् नयाँ'मा '**पर्यटन विशेष**' प्याकेज प्रस्तुत गरेका छौँ :

राजधानीवरपरका दर्जन पर्यटकीय स्थल



नवीन अर्याल
nabinarjyal@gmail.com

दसैँको उल्लास सुरु भइसकेको छ। ४ कात्तिकदेखि दसैँको बिदा पनि सुरु हुँदै छ। खासमा दसैँ पारिवारिक जमघट, पुनर्मिलन, अनुष्ठान र उत्सवको पर्व हो, जहाँ परिवारहरू भेला भएर रमाइलो गर्छन्। तर, आजकल दसैँको बिदामा परिवारसहित घुम्न निस्कने प्रचलन पनि बढ्दै गएको छ। काठमाडौं उपत्यकाबरिपरि घुम्न जाने थुप्रै ठाउँ छन्, जहाँ एक-दुई दिन मज्जाले परिवारसँग रमाउन सकिन्छ। यो रिपोर्टमा काठमाडौंबाट नजिकको दूरीमा रहेका केही पर्यटकीय गन्तव्यहरूका बारेमा छोटोमा चर्चा गर्नेछौं, जुन तपाईंका लागि उपयुक्त गन्तव्य हुन सक्छ।

■ धुलिखेल, काभ्रे

काठमाडौंबाट करिब ३० किलोमिटर दूरीमा रहेको काभ्रेको धुलिखेल आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्य हो। एक-दुई दिन घुम्न निस्कनेका लागि धुलिखेल उपयुक्त गन्तव्य हुन सक्छ। धुलिखेलमा विभिन्न श्रेणीका दर्जनौं होटेल तथा रिसोर्ट सञ्चालनमा छन्। मौसम खुलेको समयमा धुलिखेलबाट लस्करै हिमाल देख्न पाइन्छ। पाँचखालको कृषिफाँटले नजर तान्छ। साहसिक गतिविधिमा रमाउन खोज्नेहरूलाई जिपलाइन छ।

■ नगरकोट, भक्तपुर

काठमाडौंनजिकै रहेको अर्को गन्तव्य हो, नगरकोट। काठमाडौंवासीका लागि ३५ किलोमिटर दूरीमा रहेको नगरकोट निकै चर्चित गन्तव्य हो। आफ्नै निजी सवारी वा सार्वजनिक यातायात चढेर पनि एक-डेढ घन्टामै पुग्न सकिने नगरकोट दसैँमा सधैं भरिभराउ हुने गर्छ। नगरकोटमा दुई-तीन हजारदेखि रातकै ३०-३५ हजारसम्म पर्ने महँगा रिसोर्टसम्म सञ्चालनमा छन्। करिब २२ सय मिटर उचाइमा रहेको नगरकोटको टावरमा आन्तरिक तथा बाह्य पर्यटकको भिड लाग्ने गर्छ, जहाँबाट सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ। मौसम खुल्दा देखिने लक्सरै हिमाल, वरिपरि घना जंगल, ठन्डा मौसमलगायत कारणले नगरकोट धेरैको रोजाइमा पर्दै आएको छ।

■ चन्द्रागिरि हिल्स, काठमाडौं

आइएमई समूहको नेतृत्वमा सञ्चालनमा आएको चन्द्रागिरि केबलकार उपत्यकावासीका लागि घुम्न जाने गतिलो गन्तव्य बन्दै आएको छ। तारे रिसोर्ट, स्वादिला परिकार पस्किने रेष्टुराँ, बच्चाहरूका लागि खेल्ने ठाउँ, भालेश्वर मन्दिर भएको चन्द्रागिरि बिदा मनाउन जाने उपयुक्त थलो हो। साढे दुई हजारभन्दा बढी उचाइ रहेको चन्द्रागिरिमा मौसम छिनछिनमै परिवर्तन हुन्छ। हिउँदमा हिउँ पर्छ।

चन्द्रागिरि रिसोर्टमा परिवारसहित गएर बस्न सकिन्छ। त्यहाँबाट आँखै अगाडि सेताम्ये हिमाल देखिन्छन् भने तलपट्टि काठमाडौं भ्याली पूरै नियाल्न सकिन्छ। रातको समयमा देखिने उपत्यकाको झिलिमिली बखान गर्न नसकिने खालको हुन्छ।
वरिपरि घना जंगल, पश्चिमपट्टि डाँडोबाट देखिने चित्लाङको फाँट र सुन्दर बस्तीहरू दृश्यावलोकनका लागि उत्कृष्ट हुन्।

■ सुकुटे, सिन्धुपाल्चोक

भोटबाट बगेर आउने भोटेकोसी किनारमा लस्करै रिसोर्ट सञ्चालनमा छन्। सुकुटे माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालको पनि मनपर्ने थलो हो, जहाँ उनी परिवारसँग गइरहन्छन्। भोटेकोसी किनारमा खुलेका रिसोर्टमा प्रतिव्यक्ति १६ सयदेखि १०-१२ हजारसम्मका प्याकेज उपलब्ध हुन्छ। पछिल्लो समय काठमाडौंवासीका लागि भोटेकोसी किनार घुम्न जाने गज्जबको गन्तव्य बन्दै आएको छ। भोटेकोसीमा च्याफ्टिङ गर्न पाइनुका साथै द लास्ट रिसोर्टमा पुगेर बन्जी पनि गर्न पाइन्छ। भोटेकोसीमा च्याफ्टिङ गरेको प्रतिव्यक्ति १५ सय रुपैयाँ शुल्क तिर्नुपर्छ। नदीकिनारमा रमाउन खोज्नेहरूका लागि सुकुटे क्षेत्र उपयुक्त गन्तव्य हुन सक्छ, जहाँ सार्वजनिक र निजी सवारी चढेर पुग्न सकिन्छ।

■ चरिकोट-कालिञ्चोक-जिरी, दोलखा

दोलखाको सदरमुकाम चरिकोट, कालिञ्चोक, जिरी, सैलुङलगायत गन्तव्य काठमाडौंवासीका लागि नजिकको उत्कृष्ट ठाउँ हुन्। दसैँ बिदामा घुम्न जानका लागि दोलखा पनि उत्कृष्ट गन्तव्य बन्न सक्छ। चरिकोट, कुरी र जिरीमा खान-बस्नका लागि प्रशस्तै होटेलहरू छन्। यस्तै, सार्वजनिक यातायात वा निजी सवारीसाधन लिएर पनि दोलखा जान सकिन्छ। तीन हजार आठ सय ४२ मिटर उचाइमा रहेको कालिञ्चोक चर्चित धार्मिक गन्तव्य हुँदै हो, प्राकृतिक रूपमा पनि धेरै सुन्दर छ। रंगिबिरंगी जस्तालेछाएको कुरी बजार पनि लोभलाग्दो छ। कुरीबाट कालिञ्चोक मन्दिरसम्म पुग्नका लागि केबलकारको व्यवस्था छ।

जिरीलाई नेपालको स्विट्जरल्यान्ड भनेर चिनिँदै आएको छ। यस्तै, सैलुङ पाटनहरू भएको सुन्दर महाभारत पर्वत शृंखला हो। यदि समय भयो भने अपर तामाकोसी जलविद्युत् आयोजना हेरेर पनि फर्किन सकिन्छ। सिजनमा दैनिक सयौंको संख्यामा स्वदेशी पर्यटक दोलखा पुग्ने गरेको स्थानीय पर्यटन व्यवसायी बताउँछन्।

■ भोटेचौर-मेलम्ची, सिन्धुपाल्चोक

काठमाडौंबाट करिब ३८ किलोमिटर दूरीमा रहेको भोटेचौरले 'मिनी इलाम'को उपमा पाएको छ। त्यहाँ एक हजार दुई सय रोपनी क्षेत्रफलमा चियाबगान छ, जुन त्यस क्षेत्रकै आकर्षण बनेको छ। परिवार तथा साथीभाइसँग चियाबगान घुम्दै प्राकृतिक सुन्दरतामा रमाउन भोटेचौर आकर्षक ठाउँ हो। जोरपाटी, साँखु, नाइलेभारे हुँदै भोटेचौर पुग्न सकिन्छ, खान-बस्नका लागि त्यहाँ राम्रा होटेल तथा रिसोर्ट खुलेका छन्। भोटेचौरको चियाबगान हुँदै मेलम्ची पनि निस्कन सकिन्छ। गत वर्ष आएको बाढीले मेलम्ची बजार बगाएर बगरमा परिणत गरेको छ। तैपनि मेलम्चीमा खान-बस्नका लागि त्यति समस्या हुँदैन। मेलम्ची खोलाका माछा, लोकल खसी, बोका, कुखुराको परिकारका लागि परिचित छ। भोटेचौरबाट मेलम्ची हुँदै काभ्रेको जिरोकिलो निस्किएर धुलिखेल हुँदै काठमाडौं फर्किन सकिन्छ। यो राउन्ड सर्किट यात्रा निकै रोमाञ्चक हुन सक्छ।

■ शिवपुरी-चिसापानी, काठमाडौं

बिदामा हाइकिङ जान रुचाउनेहरूका लागि चिसापानी उपत्यका नजिकैको उपयुक्त गन्तव्य हो। काठमाडौं, नुवाकोट र सिन्धुपाल्चोकको संगमस्थल चिसापानी पुग्न सुन्दरीजलबाट सात घन्टा पैदलयात्रा गर्नुपर्छ। परिवार तथा साथीभाइसँग जाँदा यो यात्रा निकै रोमाञ्चक हुन्छ। शिवपुरी निकुञ्जको घना जंगल छिचोल्दै चिसापानी डाँडामा पुगेपछि हिमालको दृश्यावलोकन गर्न पाइन्छ। त्यहाँ खान-बस्नका लागि होटेलहरूको पनि व्यवस्था छ।

बुढानीलकण्ठबाट निकुञ्ज प्रवेश गरेर शिवपुरी डाँडामा जान सकिन्छ। त्यहाँ पनि घना जंगल पार गर्दै यात्रा गर्नुपर्ने हुनाले रमाइलो अनुभूति हुन्छ। दुई हजार पाँच सय ६३ मिटर उचाइमा रहेको शिवपुरी डाँडाबाट हिमाली शृंखला, हरियाली घना जंगललगायत दृश्यहरू हेर्न सकिने हुँदा प्रकृतिप्रेमीहरूका लागि उपयुक्त थलो हो।

■ ककनी, नुवाकोट

ट्राउट माछाका परिकारका लागि ककनी लोकप्रिय छ। नुवाकोट जिल्लामा पर्ने ककनी शिवपुरी निकुञ्ज र गाउँ छिचोल्दै काठमाडौंबाट एक-डेढ घन्टाको यात्रामै पुग्न सकिन्छ। ककनी स्ट्रबेरीका लागि पनि चर्चित छ। प्राकृतिक सुन्दरताले भरिएको ककनी धेरैको रोजाइमा पर्ने गर्छ। त्यहाँ पनि खान-बस्नका लागि होटेल उपलब्ध छन्। ककनी पिकनिक जाने ठाउँका रूपमा पनि चिनिन्छ।

■ इन्द्रसरोवर-चित्लाङ, मकवानपुर

मकवानपुरको इन्द्रसरोवर (कुलेखानी) र चित्लाङ पछिल्लो समय लोकप्रिय गन्तव्य बनेका छन्। काठमाडौंबाट नजिकै रहेको मार्खु र चित्लाङका होटेल, रिसोर्ट तथा होमस्टेहरू बिदामा भरिभराउ हुने गर्छन्। त्यहाँ कुलेखानी ड्याममा बोटिङ, हाइकिङ तथा ट्रेकिङलगायत गतिविधिमा रमाउन सकिन्छ। यस्तै, परिवारसँग बसेर क्याम्प फायर र बार्बिक्यू पनि गर्न सकिन्छ। इन्द्रसरोवरका माछा खान पनि मार्खु लोकप्रिय मानिन्छ। चन्द्रागिरि वा दक्षिणकालीको बाटो हुँदै इन्द्रसरोवर तथा चित्लाङ पुग्न सकिन्छ। काठमाडौंको उकुसमुकुसबाट निस्किएर चित्लाङ र मार्खु पुग्दा आनन्दानुभूति हुने गर्छ। खान-बस्नका लागि चित्लाङ र मार्खु क्षेत्रमा छानीछानी होटेल तथा रिसोर्ट पाइन्छन्।

■ दामन-टिस्टुङ-पालुङ, मकवानपुर

दसैँमा घुम्न जानका लागि मकवानपुरको दामन पनि उपयुक्त विकल्प हो। काठमाडौंबाट ७५ किलोमिटर दूरीमा रहेको दामन थानकोट, नौबिसे हुँदै तीन-चार घन्टामा पुग्न सकिन्छ। चन्द्रागिरि चित्लाङ वा दक्षिणकाली, कुलेखानी हुँदै टिस्टुङ पालुङ भएर पनि दामन पुग्न सकिन्छ। गाउँले जीवनको आनन्द लिनका लागि टिस्टुङ, पालुङ गज्जबकै ठाउँ हो। पालुङ आलु उत्पादन हुने ठाउँ हो। त्यहाँ खान- बस्नका लागि होमस्टेको राम्रो व्यवस्था छ।

यस्तै, दामनमा स्तरीय रिसोर्ट सञ्चालनमा छन्। दुई हजार ६ सय ८८ मिटर उचाइमा रहेको दामनबाट अन्नपूर्ण, दोर्जे लाक्पा, गौरीशंकर, गणेश हिमालयलगायतका शृंखला देख्न पाइन्छ। दामनको भ्युटावरबाट वरिपरिको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ। हिउँदमा दामनमा हिउँ पर्छ। हिउँ खेल्नका लागि हेटौंडा, वीरगन्ज र काठमाडौंसम्मका युवा पुग्ने गर्छन्।

■ त्रिशूली बिच

पछिल्लो समय खोलाको किनारमा रमाउने जमात बढ्दै छ। परिवार वा साथीभाइसँगै खोलाकिनारका रिसोर्टमा जाने, च्याफ्टिङ, स्विमिङ गर्ने, एक-दुई रात बसेर फर्किने चलन छ। यस्तै पाहुनालाई लक्षित गरेर त्रिशूली किनारैभरि होटेल तथा रिसोर्ट सञ्चालनमा आएका छन्, जहाँ प्रतिरात प्रतिव्यक्ति १५ सयदेखि १०-१२ हजारसम्मका प्याकेज पाउन सकिन्छ।


च्याफ्टिङका लागि पनि त्रिशूली प्रसिद्ध नदी हो। खोलाकिनारमा बच्चाबच्चीहरू पनि अत्यन्तै रमाउने गर्छन्। तपाईं कुरिनटारसम्म छानीछानी रिसोर्ट खोजेर एक-दुई दिन त्रिशूलीतिर घुम्न जान सक्नुहुन्छ। त्रिशूली किनारमा रहेको पुरानो होटेल त्रिशूली रिभरसाइड रिसोर्ट हो। पछिल्लो समय त्रिशूली नदीमाथि जिपलाइनसमेत सञ्चालनमा ल्याइएको छ। यस्तै, कुरिनटारबाट केबलकार चढेर मनकामना दर्शन गर्न पनि जान सकिन्छ। मनकामनामै बस्नका लागि पनि होटेलको राम्रो प्रबन्ध छ।

■ मूलकोट-खुर्कोट सिन्धुली

पारिवारिक घुमघामका लागि अर्को आकर्षक गन्तव्य हो, मूलकोट। सुनकोसीकिनारमा रहेको सिन्धुलीको मूलकोट आफैंमा सुन्दर छ। पृथ्वी राजमार्गमा पर्ने मूलकोटमा पछिल्लो समय धेरै आन्तरिक पर्यटक पुग्ने गर्छन्। त्यहाँ पनि स्तरीय होटेल तथा रिसोर्टहरू सञ्चालनमा छन्। सार्वजनिक यातायात वा व्यक्तिगत सवारीसाधन चढेर सजिलै मूलकोट पुग्न सकिन्छ। मूलकोट माछाका परिकार खानका लागि पनि चर्चित मानिन्छ।

मूलकोटबाट अलि अगाडि बढेमा खुर्कोट पुगिन्छ। खुर्कोट भन्नेबित्तिकै माछा सम्झना आइहाल्छ। त्यहाँबाट केही छिनको ड्राइभमा सिन्धुलीगढीसमेत पुग्न सकिन्छ। साथीभाइ तथा परिवारसँग पिकनिक जानेहरूलाई लक्षित गरेर मूलकोटका रिसोर्टले प्याकेज बनाएका हुन्छन्। फरक डिजाइनमा निर्माण गरिएको नागबेली सडकले यात्रा रोमाञ्चक बनाउँछ।

टाकुरामा ऐतिहासिक ठाउँ



ऐतिहासिक भैरवी मन्दिर



अर्जुन श्रेष्ठ

> धादिङको भैरवी मन्दिरको इतिहास नेपालको एकीकरणसँग पनि जोडिएको छ। पृथ्वीनारायण शाहले नुवाकोट विजय गर्न नसकेपछि भैरवी मन्दिरमा वास बसी भाकल गरेका थिए। भाकलपछि उनले नुवाकोट जिते।

धादिङ अहिले आकर्षणको केन्द्र बनेको छ।

धादिङको नीलकण्ठ नगरपालिका- ६ सुनौलाबजारमा रहेको धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेको भैरवी मन्दिर आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य बनेको छ। गणेश हिमाल, मनास्लु, माछापुच्छ्रे, मानापाथीलगायत आधा दर्जनभन्दा बढी हिमालहरूको दृश्यावलोकन गर्न सकिने यो मन्दिरमा शनिबार दर्शनार्थीको निकै ठूलो घुइँचो लाग्ने गर्छ।

पौराणिक भनाइअनुसार भगवान् भैरवको श्रीमती भैरवीलाई सुत्केरी भएको अवस्थामा मासु खान मन लाग्यो। बाघको रूप धारण गरेर भैरव मासु लिन जंगल गए। सुँगुरको सिकार गरेर फर्किए। सुँगुर भन्ने थाहा पाएपछि भैरवी डराएर त्यहीं घोप्टो परेर बसिन्। भैरवलाई भित्र पस्न दिएनन्। प्रसव पीडाको अवस्थामा भैरवीलाई छाडेर भैरव पनि टाढा जान नसकेपछि नजिकै तल्लोपट्टि बसे। त्यसैले भैरवी र भैरव दुईवटा मन्दिर बनेको किंवदन्ती यस क्षेत्रमा प्रचलित छ।

'राम शाहले विसं १६६६ मा स्थापना गरेको आठ शक्तिपीठमध्ये भैरवी मन्दिर पनि एक हो। उनले स्थापना गरेको कुरा लालमोहरमा लेखिएको छ। तर, स्पष्ट बुझ्निे गरी छैन', भैरवी मन्दिर गुठी व्यवस्थापन समितिका सचिव कृष्णबहादुर श्रेष्ठले भने। भैरवी मन्दिरको इतिहास नेपालको एकीकरणसँग पनि जोडिएको श्रेष्ठले बताए। पृथ्वीनारायण शाहले नुवाकोट विजय गर्न नसकेपछि भैरवी मन्दिरमा वास बसी भाकल गरेका थिए। श्रेष्ठले भने, 'भाकलपछि नुवाकोट जिते। पुजारी र बाजा बजाउनेलाई शाहले गुठीको नाममा ९० रोपनी ११ आना २ पैसा जग्गा व्यवस्थापन गरिदिएका हुन्। पूजा सञ्चालनका लागि पनि रकम दिने गरेका थिए। अहिले पनि जिल्ला प्रशासन कार्यालयबाट पूजा सञ्चालनका लागि हरेक वर्ष ६ हजार सात सय ३२ रुपैयाँ ५० पैसा आउने गर्छ।'

'मन्दिरमा पूजासहित बडादसैँ र चैतेदसैँमा विशेष मेला लाग्छ। मन्दिरमा विशेष पूजा, भाकल तथा बली चढाउने परम्परा रहिआएको छ। वडादसैँको नवमीका दिन सुँगुरको बली दिँदै आएको छ,' श्रेष्ठले भने, 'मन्दिर आइपुग्न सदरमुकामबाट १३ किमि पिच र ५ किमि कच्ची गरी १८ किलोमिटरको यात्रापछि भैरवी मन्दिर पुगिन्छ। सवारीसाधनबाट मात्र भई हाइकिङ गर्नेहरू पनि भैरवी मन्दिर आइपुग्ने गरेका छन्।'

२०७२ को भूकम्पले मन्दिर भत्किएपछि अहिले पुनर्निर्माण भइरहेको छ। २०७६ साल फागुन २३ गते मन्दिरको शिलान्यास गरिएको हो। १३ करोडको डिपिआर गरेर निर्माण कार्य सुरु गरिएको मन्दिरको चार करोडबराबर खर्चले पुनर्निमार्ण भइरहेको भैरवी मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष ध्रुव श्रेष्ठले बताए। मन्दिरमा खानेपानी, शौचालयको राम्रो व्यवस्था छ। सिसिक्यामेरा र इन्टरनेट पनि जडान गरिएको छ। मन्दिर आइपुग्नेहरू धार्मिक महत्त्वका साथै प्राकृतिक सुन्दरताले पनि लोभिने गरेको उनले बताए।

मनमोहक नर्थ अन्नपूर्ण बेस क्याम्प





कमल खत्री
kamal.journal4@gmail.com

पर्यटकीय सम्भावनाले भरिपूर्ण छ, नर्थ अन्नपूर्ण आधार शिविर। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा विश्वको दसौँ र नेपालको आठौँ अग्लो अन्नपूर्ण प्रथमको नर्थ आधार शिविर छ। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथमको नर्थ आधार शिविर पुग्न नारच्याङ गाउँदेखि मौरिस हर्जोगसम्म पदमार्ग सञ्चालनमा छ। सन् १९५० जुन ३ मा अन्नपूर्ण प्रथममा पहिलो मानव पाइला परेको थियो। फ्रान्सेली हिमाल आरोही मौरिस हर्जोग र लुइस लचेनलले अन्नपूर्ण प्रथममा पहिलो आरोहण गरेर इतिहास रचेका थिए। उक्त आरोहण दलको नेतृत्व मौरिस हर्जोगले गरेका कारण नारच्याङदेखि नर्थ अन्नपूर्ण आधार शिविर पुग्ने पदमार्गको नाम 'मौरिस हर्जोग' नामकरण गरिएको छ।

हर्जोगले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको मार्गलाई वि.सं. ०६८ मा पहिचान गरी 'मौरिज हर्जोग पदमार्ग' नामकरण गरिएको थियो। यो पदमार्ग मनोरम दृश्य र प्राकृतिक छटाहरूले भरिपूर्ण छ। आँखे अगाडि ठोक्किन आउने हिमाल, अग्ला पहाडबाट छडछडे गर्दै झरेका झरना, मनै लोभ्याउने हिमताल र हिमालको फेदीबाट बग्ने मिस्त्री खोलाको रमणीय दृश्य यस पदमार्गका प्रमुख आकर्षण हुन्। जब आधार शिविर पुगिन्छ, मन फुरुंग हुन्छ, उत्साह र उमंगको दियो बल्छ। पदमार्गको थकानलाई यहाँको रमणीय दृश्यले भुलाइदिन्छ।

प्रवर्द्धनमा जुट्यो गाउँपालिका

अन्नपूर्ण आधार शिविरको प्रवर्द्धनमा अन्नपूर्ण गाउँपालिका जुटेको छ। साहसिक पर्यटकीय क्षेत्रको रूपमा परिचित यस क्षेत्रमा पर्यटन भित्र्याउन पूर्वाधार निर्माण, सामुदायिक लज निर्माण, प्रचार प्रसार र प्रवर्द्धनको क्षेत्रमा पहल थालिएको अन्नपूर्ण गाउँपालिका अध्यक्ष भरतकुमार पुनले बताए। गुरुयोजना नै बनाएर पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न लागिएको उनको भनाइ छ। गाउँपालिकाले यसअघि अन्नपूर्ण आधार शिविरमा सरोकारवालाहरूको स्थलगत अवलोकन भ्रमण र उच्च स्थानमा उचाइ खेलकुद प्रतियोगितासमेत सम्पन्न गरिसकेको छ। प्रसारका लागि वि.सं. ०७६ मा प्रथम अन्नपूर्ण पर्यटन महोत्सव आयोजना गरेको यस गाउँपालिकाले पूर्वाधार निर्माण पनि गरिरहेको छ। अन्नपूर्ण आधार शिविर क्षेत्रलाई प्रवर्द्धन गरी मुलुककै प्रमुख पर्यटकीय गन्तव्य बनाउने अभियानमा लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी बताउँछन्।

नर्थ अन्नपूर्ण हिमालको मुख्य आधार शिविर चार हजार ३०५ मिटर उचाइमा पर्छ। हिमालले घेरिएको समथर फाँटबाट दर्जनौँ हिमशृंखलाको अवलोकन गर्न पाउँदा पर्यटकहरू प्रफुल्लित हुने गर्छन्। अन्नपूर्ण, अन्नपूर्ण फ्रेन्क, तिलिचो पिक, वराहशिखर र नीलगिरि साउथ हिमालबाट घेरिएर बनेको आधार शिविरको उपत्यका निकै मनोरम छ। आधार शिविरको दृश्यले धर्तीको स्वर्गकै अनुभूति दिलाउँछ।

विशाल पञ्चकुण्ड ताल यहाँको थप आकर्षण हो। यो ताल करिब २० हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको छ। तालले पर्यटकलाई मोहनी नै लगाउँछ। हिउँदमा चिसोले जम्ने यो ताल गर्मीमा पाँच भागमा बाँडिन्छ। आधार शिविरमा आरोहीहरू टेन्ट टाँगेर बस्छन्। पदमार्गअन्तर्गत छोटेपा, हुमखोला, सन्धिखर्क, गुफाफाँट, भुसकेटमेला, धरमढुंगा र आधार शिविरमा समेत आश्रयस्थल निर्माण भएपछि पर्यटकहरूलाई आकस्मिक आश्रयका लागि राहत भएको छ। ठाउँ-ठाउँमा खोला वारपार गर्न झोलुंगे पुल निर्माण भएको छ।

हिमाली भूबनोट, वनस्पति, जडीबुटी र जीवजन्तुको समेत अवलोकन गर्न सकिने नर्थ अन्नपूर्ण आधार शिविर पुग्ने यस पदमार्गको अर्को मुख्य आकर्षण फुतफुते झरना पनि हो। आधार शिविरकै पञ्चकुण्ड तालको पानी बगेर आउने मिस्त्रीखोलाको पानीले पहाडलाई काटेर झर्ने भएकाले फुतफुते झरना मनमोहक देखिन्छ। यस पदमार्गमा पञ्च झरना, रातो झरनासँगै पहाड नै प्वाल परेकोजस्तो देखिने आकासे गुफाले समेत पर्यटकलाई मोहित बनाउने गर्छ। नेपालमा मात्रै पाइने रैथाने गुराँसको नामले परिचित रोडोडेन्ड्रन कोवानियम र रोडोडेन्ड्रन लोन्डेसी प्रजातिको गुराँसको फूल पनि यसै पदमार्गमा फुल्ने गर्दछ। लौठ सल्ला, भोजपत्रका हिमाली रुख बिरुवासँगै यार्सागुम्बालगायत



मनाङको नयाँ गन्तव्य मुन लेक

यो ताल मनाङको खाङसार गाउँबाट करिब तीन घन्टा टाढाको दूरीमा छ। यो तालबाट तिलिचोसम्म पुग्ने पदमार्ग निर्माण गर्न सके पर्यटकले एकैपटक दुईवटा ताल अवलोकन गर्न पाउनेछन्।



शान्ता कमली
shantarjkamali@gmail.com

मनाङमा नयाँ ताल भेटिएको छ। चन्द्रमा आकारमा रहेकाले यसलाई मुन लेक भनिएको छ। यो ताल समुद्री सतहबाट पाँच हजार ८० मिटर उचाइमा रहेको छ। मनाङ डिस्याङ गाउँपालिका-९ खाङसारमा मुन लेक भेटिएको वडाध्यक्ष चोल्पा गुरुङले बताए।

यो ताल खाङ्सार गाउँबाट करिब तीन घण्टा टाढाको दूरीमा छ। यो तालबाट तिलिचोसम्म पुग्ने पदमार्ग निर्माण गर्न सके पर्यटकले एकैपटक दुईवटा ताल अवलोकन गर्न पाउने वडाध्यक्ष गुरुङले बताए। उनले भने, 'अहिले मुन लेकसम्म जाने बाटोमा साइनबोर्ड मात्रै राखिएको छ। यसलाई अन्य तालसँगै तिलिचो तालसम्म पुग्ने बाटोमा जोडी प्रवर्द्धन गर्नेतर्फ स्थानीय सरकारसँगै प्रदेश र संघ सरकारले पनि चासो दिइरहेको छ।'

ताल भएको क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्रसँग जोडिएकाले यहाँको पर्यटकीय क्षेत्रको विकासमा केही मात्रामा 'एक्याप'ले सहयोग गरेको छ। मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले मनाङमा धेरै हिमताल रहे पनि यहाँ भएका तालको मापन गर्न पालिकाले नसकेको बताए। उनले भने, 'प्राकृतिक रूपमा रहेका यहाँका हिमतालसम्म पुग्न सहज छैन। पालिकाको बजेट अपुग हुन्छ, यस्ता प्राकृतिक तालको खोज अनुसन्धानमा सबैले सहयोग गर्नुपर्ने हो।' पालिकास्तरबाट केही बजेट विनियोजन गरी खोज्ने प्रयास गरिए पनि आवश्यक मात्रामा काम अझै गर्न नसकिएको उनले बताए।

मनाङका प्रमुख जिल्ला अधिकारी सुप्रभा खनालले यहाँ भेटिएका ताल वा कुण्ड के हुन्, त्यसको मापन गर्न पहल गर्ने बताइन्। उनले भनिन्, 'यस्ता प्राकृतिक वस्तु हाम्रा लागि गौरवका विषय हुन्। यिनलाई खोज अनुसन्धान गरी प्रचारप्रसार गर्न सके देशको आयवृद्धिसँगै पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्नेछ।'

मनाङ डिस्याङ गाउँपालिका-९ खाङसारस्थित मुन लेक र हिदम लेक भेटिएको वडाध्यक्ष चोल्पा गुरुङले बताए। उनका अनुसार हिदम लेक पाँच हजार तीन सय मिटर उचाइमा रहेको छ। मुन लेकबाट तीनदेखि चार घन्टाको दूरीमा हिदम लेक रहेको छ।

पुग्नैपर्ने हेटौँडाको स्मारक







पोष्टराज अधिकारी

बागमती प्रदेशको राजधानी हेटौँडा आफैंमा ऐतिहासिक, धार्मिक र सामरिक महत्त्व राख्ने ठाउँ हो। हेटौँडालाई चिनाउन हेटौँडा औद्योगिक क्षेत्र, भुटनदेवी मन्दिर, १०८ धारा त्रिवेणी धाम, दक्षिण एसियाकै पहिलो ऐतिहासिक चुरिया सुरुङमार्गलगायत पर्याप्त छन्।

यी र यस्ता अन्य थुप्रै पहिचानहरूको बीचमा विगत केही वर्षयता हेटौँडा उपमहानगरपालिका वडा नम्बर ११ नवलपुरमा रहेको सहिद स्मारकले हेटौँडालाई छुट्टै र थप पहिचान दिएको छ। स्मारकले आन्तरिक एवं बाह्य पर्यटकलाई आफूतर्फ नियमित आकर्षण गर्न सफल भइरहेको छ।

हेटौँडा बजारबाट सात किलोमिटरको दूरीमा रहेको स्मारक ०५१ माघ १७ गते तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले उद्घाटन गरेका थिए। इतिहासका विविध कालखण्डमा आफ्नो जीवनको आहुति दिएका १२ जना सहिदहरूको मुखाकृति एउटै ढुंगामा कुँदेर स्थापना गरिएको सहिद स्मारकले अहिले पर्यटकलाई आकर्षित गरिरहेको छ।

२५ टनको एउटै विशाल पत्थरमा भक्ति थापा, दशरथ चन्द, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, भीमदत्त पन्त र २०१७ सालपछि पञ्चायती निरंकुशताविरुद्धको जनसंघर्षमा वीरगति प्राप्त गरेका रत्नकुमार वान्तबा, यज्ञबहादुर थापा, दुर्गानन्द झा, वीरेन्द्र राजवंशी, मुनेश्वरी यादव र प्रभाकर पौडेलको आकृति कुँदिएका छन्। यति मात्र होइन, स्मारकको स्तरोन्नति गर्ने क्रममा हालै निर्माण सम्पन्न भई उद्घाटनसमेत भएको प्रजातान्त्रिक पार्कमा नेपालको राजनीतिमा विशिष्ट स्थान राख्ने बिपी कोइराला, पुष्पलाल श्रेष्ठ, गणेशमान सिंह, मदन भण्डारी, मनमोहन अधिकारीजस्ता व्यक्तिहरूलाई पूर्णकदको सालिकमा देख्न सकिन्छ।

नवलपुर सरस्वती सामुदायिक वनभित्रको ३० हेक्टर क्षेत्रफलमा स्मारक फैलिएको छ। यहाँ विभिन्न प्रजातिका फूल र बगैंचासमेत छन्। २९ वर्षको अवधिमा पर्यटकहरूलाई







सुदूरपश्चिमका तीन पर्यटकीय स्थल



खप्तड



तेजराज भट्ट
tejdhn@gmail.com

खप्तड

खप्तड सुदूरपश्चिमको प्रमुख पर्यटकीय गन्तव्य हो। यो सुदूरपश्चिमका डोटी, अछाम, बाजुरा र बझाङ जिल्लाको संगमस्थलका रूपमा रहेको छ। खप्तडमा सुन्दर र रमणीय घाँसे मैदानले मनमोहक तुल्याउँछ। चारैतिर त्रिकोण आकारका रुखले भरिएको जंगल, फेदीमा घाँसे मैदान, खप्तड दह, त्रिवेणी धामले खप्तडको सुन्दरतालाई अतुलनीय बनाएका छन्। हरिया र सुन्दर घाँसे मैदान, पाटनमा चर्दै गरेका घोडा, फेदीमा त्रिवेणी धामको अनुपम प्राकृतिक सुन्दरताले त्यहाँ पुग्ने जोकोहीलाई मन्त्रमुग्ध बनाउँछ। त्रिवेणी धाम, शहस्रलिंगजस्ता पवित्र तीर्थस्थल रहेको खप्तड प्राकृतिक रूपमा मात्र होइन, पौराणिक र धार्मिक रूपमा पनि उत्तिकै महत्त्वको क्षेत्र हो।

खप्तडमा मनमोहक २२ वटा पाटन र ५२ थुम्का (दह) छन्। त्रिवेणी धाम, खापर दह, सहस्रलिंग, डाँफेकोट, खप्तडबाबाको आश्रम, केदार डुंगा, नागढुंगा, गणेश मूर्ति आदि धार्मिक र पुरातात्त्विक दृष्टिले पनि महत्त्वपूर्ण स्थल हुन्। खप्तडबाट अपी-सैपाल हिमाललगायत सुन्दर हिमशृंखलाको पनि दृश्यावलोकन गर्न पाइन्छ। जैविक विविधताले पनि भरिपूर्ण रहेको खप्तडमा दुई सय तीन प्रजातिका बहुमूल्य जडीबुटी, पाँच सय ६७ प्रजातिका फूल, दुई सय ६० प्रजातिका चराचुरुंगी पाइने अनुमान गरिएको छ। खप्तड राष्ट्रिय निकुञ्ज २२ हजार पाँच सय हेक्टर क्षेत्रमा फैलिएको छ। खप्तडको पवित्र भूमिमा ५० वर्ष बिताएका खप्तडबाबाले त्यहाँ कठोर तपस्या गरेका थिए।

डोटीको झिग्राना, अछामको साँफे र चौखुट्टे, बझाडको तमेल र बाजुराको काँडाबाट पैदलमार्ग भएर खप्तड पुग्न सकिन्छ। ती ठाउँसम्म धनगढीबाट सार्वजनिक वा निजी सवारीसाधनमा जान सकिन्छ। बझाडको तमेल-दारुगाउँ-ल्वाखडको बाटो र बाजुराको काँडा भएर जाने बाटो अरूभन्दा छोटो पर्छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण डाँडाकाँडा, जंगल, उकाली-ओराली हिँडेर आनन्द लिनेका लागि डोटीको सिलगढी-झिग्रानाको बाटो उपयुक्त छ। खप्तडमा पर्यटकका लागि बस्ने सुविधा पनि छ।

दुवैतिर अग्ला पहाड, फेदीमा बग्दै गरेको निलो कर्णाली। नदीमा एउटै पिल्लरमा अडिएको आकर्षक पुल। नदीमाथि बनेको पुलको सुन्दरताले कैलालीको चिसापानी पर्यटकीय गन्तव्यको रूपमा विकास भएको छ।



कर्णाली पुल

दुवैतिर अग्ला पहाड, फेदीमा बग्दै गरेको निलो कर्णाली नदी। नदीमा एउटै पिल्लरमा अडिएको आकर्षक पुल। अग्ला पहाड, फेदीमा कलकल बग्दै गरेको कर्णाली नदी र नदीमाथि बनेको पुलको सुन्दरताले कैलालीको चिसापानी पर्यटकीय गन्तव्यको रूपमा विकास भएको छ। चिसापानी प्राकृतिक रूपमा निकै सुन्दर र मनमोहक देखिन्छ। त्यसैमाथि पुलले त्यहाँको सुन्दरतालाई थप समृद्ध तुल्याएको छ। बर्सेनि सयौँ आन्तरिक र बाह्य पर्यटक घुम्न चिसापानी पुग्ने गर्छन्। पूर्व-पश्चिम राजमार्गसँगै जोडिएकाले चिसापानी पुग्न कठिन छैन। सार्वजनिक बिदा, चाडपर्वका वेला कर्णाली पुलमा आन्तरिक पर्यटकको घुँइचो लाग्छ। पुलमा फोटो खिच्ने र टिकटक बनाउनेको उस्तै भिड हुन्छ। कर्णाली नदीमा डुंगा र च्याफ् टिङ गरेर पनि आनन्द लिन सकिन्छ। कर्णाली पुल पाँच सय मिटर लामो र १० मिटर चौंडा छ। जापानिज कम्पनीले २०५० सालमा कर्णाली पुल बनाएपछि सुदूरपश्चिम देशका अन्य भेगसँग जोडिएको हो। कर्णाली पुलसँगै जोडिएको चिसापानी बजारभन्दा केहीमाथि उत्तरतिर बन्जीको पनि आनन्द लिन सकिन्छ। चिसापानीको अर्को आकर्षण हो, कर्णालीको माछा। चिसापानीमा कर्णाली नदीको स्वादिष्ट माछा खान पाइन्छ।



जाखोर ताल

धनगढी आउने पर्यटकका लागि धनगढीआसपास घुम्ने उचित गन्तव्य हो, जाखोर ताल। यो धनगढी बजारबाट करिब चार किलोमिटरको दूरीमा छ। जंगलको छेउछाउ रहेको जाखोर ताल शान्त वातावरण र प्रकृतिमा रमाउने पर्यटकका लागि उचित गन्तव्य हो। यहाँ ताल तथा विभिन्न जलपक्षीको अवलोकन गर्न पाइन्छ। तालछेउछाउ हरियाली जंगल छ। पर्यटकलाई लक्षित गरेर केही संरचना निर्माण गरिएपछि केही समययता यसको स्वरूपमा परिवर्तन आएको छ। १२.४५ हेक्टरमा फैलिएको जाखोरतालसँगै देवरिया वनस्पति उद्यान छ, जुन निकै आकर्षक छ। उद्यानमा विभिन्न प्रजातिका बोटबिरुवा, फूल र जडीबुटीको अवलोकन गर्न सकिन्छ।

हिमाल आरोहणमा सबैभन्दा कठिन मानिने अन्नपूर्ण हिमालको आधार शिविर पुग्न सहज बनेपछि अहिले आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दो छ। हिमाल आरोहणका लागि विदेशी पर्यटक यस आधार शिविर पुग्ने गर्छन् भने आन्तरिक पर्यटक मनोरम प्राकृतिक सुन्दरतामा रमाउन पुग्छन्।

जडीबुटी, नाउर, झरल, मृग, हिउँचितुवा, पुच्छर नभएको लिँडे मुसा, डाँफे, मुनाललगायत वन्यजन्तु र पक्षीहरूलाई समेत अवलोकन गर्न सकिन्छ।

नर्थ अन्नपूर्ण आधार शिविरको यात्रा छोटिएको छ। पहिले पाँच दिन लामो पदयात्रा गर्नुपर्ने बाध्यता थियो। अहिले दुई दिनमै आधार शिविर पुग्न सकिन्छ। नारच्याङदेखि कुल ४२ किलोमिटरको दूरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्मको २० किलोमिटर दूरीको बाटोमा सडकको पहुँच पुगेको छ। हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दूरीमा पदमार्ग निर्माण भएको छ। सडक र पदमार्गका पूर्वाधार बनेसँगै गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि नारच्याङ हुँदै आधार शिविरसम्म दुई दिनमा पुग्न सकिन्छ। उचाइमा हिँडडुल गर्न बानी परेका पर्यटक एकैदिनमै आधार शिविर पुग्न सक्छन्।

हिमाल आरोहणमा सबैभन्दा कठिन मानिने अन्नपूर्ण हिमालको आधार शिविर पुग्न भने सबैभन्दा सहज बनेपछि अहिले यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमन बढ्दो छ। हिमाल आरोहणका लागि विदेशी पर्यटक यस आधार शिविर पुग्ने गर्छन् भने आन्तरिक पर्यटक मनोरम प्राकृतिक सुन्दरतामा रमाउन पुग्ने गरेको नारच्याङका पर्यटन व्यवसायी तेज गुरुङ बताउँछन्। शान्त र मनोरम वातावरण, हिमाली हावापानी र हिमालसँगको सामीप्यले यहाँ पुग्ने पर्यटकलाई डाकिरहन्छ।

नारच्याङमा मगर समुदायको बाहुल्य छ। त्यहाँको मौलिक कला र संस्कृतिले समेत नर्थ अन्नपूर्ण आधार शिविर पुग्ने पर्यटकलाई आनन्द प्रदान गर्छ। पर्यटकहरूको आगमनलाई थप वृद्धि गर्दै पर्यटन विकासका लागि अन्नपूर्ण गाउँपालिकाले पदमार्गलाई थप स्तरीकृत गर्ने, सञ्चार, खानेपानीलगायत सुविधाहरूको पहुँच विस्तार गर्ने योजना अघि सारेको अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले बताइन्। समथर फाँटमा रहेको आधार शिविर पदमार्गको सुविधाले सुरक्षित, साहसिक र उत्कृष्ट गन्तव्यको रूपमा नर्थ अन्नपूर्ण आधार शिविर चिनिन थालेको उनको भनाई छ।

पदयात्रामा तयारी

यस पदमार्गको हुमखोलासम्म सामान्य होटेल रहे पनि त्यहाँदेखि आधार शिविरसम्मको क्षेत्रमा कुनै पनि होटेल सुविधा छैन। होटल नहुँदा आरोहण र भ्रमणमा जाने पर्यटकहरूले खाना र बसोवासको बन्दोबस्तका सामग्री आफैँ बोकेर लैजानुपर्छ। हुमखोलादेखि आधार शिविर क्षेत्रसम्मको करिब दुई दिनको पदयात्राको क्षेत्र सञ्चार पहुँचबाहिर छ। सञ्चारको पहुँच नपुगेका कारण पदयात्रा सकभर सामूहिक रूपमा गर्दा उपयुक्त हुन्छ। यस क्षेत्रमा उचाइका कारण स्वास्थ्य समस्या आउन सक्ने हुनाले सम्भावित औषधि र सावधानी अपनाउनुपर्छ।

यी हुन् पोखरा आसपासका **गन्तव्य**



रोहितराज पराजुली
newsrohitraj@gmail.com

पोखरा आफैंमा सुन्दर छ। सुन्दरसँगै पोखरा मनमोहक र शान्त पनि छ। त्यसैले बर्सेनि लाखौँ आन्तरिक एवं बाह्य पर्यटक पोखरा घुम्न आउँछन्। पोखराको प्रमुख आकर्षणको केन्द्र फेवाताल हो। फेवासँगै पोखरामा वेगनास, रूपालगायत अन्य तालसमेत छन्। संसारको आठ हजार मिटरभन्दा अग्ला १४ हिमशृंखलामध्ये पोखराबाट अन्नपूर्ण, धौलागिरि र मनास्लु देख्न सकिन्छ। योसँगै तालबाराही मन्दिर, विश्व शान्ति स्तूपा, पातले छाँगा, महेन्द्र गुफा, चमेरे गुफा, सराङकोटबाट उड्ने प्याराग्लाइडिङ, हट बेलुन पोखराका थप आकर्षणका केन्द्र हुन्।

यसैगरी पोखरामा रहेका अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, पृथ्वीनारायण क्याम्पसस्थित संग्रहालय, गोरखा स्मारक संग्रहालय, पोखरा नयाँ बजारको क्षेत्रीय संग्रहालय, विन्ध्यवासिनी, भद्रकाली, गुप्तेश्वर महादेव गुफा, अकला मन्दिरसमेत पोखरामा पर्यटक पुग्ने मुख्य स्थान हुन्। पदयात्रामा रमाउन चाहनेका लागि अन्नपूर्ण राउन्ड पदयात्रा पनि छ। पर्यकीय गाउँहरू घान्द्रुक, धम्पुस, लान्द्रुक, ताडतिङ, याङजाकोट, सिक्लेससमेत पर्यटकको आकर्षणमा पर्ने गरेका छन्।

यीसँगै पोखरा र आसपासमा केही नयाँ पर्यटकीय गन्तव्यसमेत थपिएका छन्। पछिल्लो समय पोखरानजिकै पुम्दीकोटमा बनेको ५२ फिट अग्लो महादेवको मूर्ति नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै गइरहेको छ। त्यहाँ दिनमा हजारौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गर्छन्। पुम्दीकोटमा रहेको महादेवको मूर्तिसँगै निर्माण गरिएको १०८ शिवलिंग, १०८ स्वर्गद्वारी सिँढी, बसाहा, डमरुलगायत अन्य संरचनाका कारण पनि पर्यटक पुग्ने गर्छन्। पुम्दीकोटबाट पोखरा सहर, फेवाताल, शान्तिस्तूपा र विभिन्न हिमशृंखलाहरू अति नै सुन्दर देखिने भएकाले पर्यटक निकै पुग्ने गरेको 'पुम्दीकोट विशाल महादेव मूर्ति निर्माण तथा पर्यटन प्रवर्द्धन समिति'का अध्यक्ष चन्द्रकान्त बरालले बताए। ०७३ सालमा महायज्ञ लगाएर निर्माण सुरु गरिएकोमा हालसम्म ४० करोडको हाराहारीमा खर्च भएको उनले जानकारी दिए। पोखराको पर्यटन प्राकृतिक सुन्दरताले मात्रै धान्दै आएको छ। अब मानव निर्मित सांस्कृतिक धार्मिक पर्यटकीय गन्तव्यका रूपमा पुम्दीकोट विकास हुँदै गएको उनको भनाइ छ।

हाल नयाँ पदमार्गका रूपमा विकास गरेको अर्को मार्ग हो, माछापुच्छ्रे गाउँपालिकास्थित सारिपाखा हुँदै खुमैडाँडा र कोरचाङसम्मको पदमार्ग। यो पदमार्गमा हाल पर्यटकको चहलपहल बढ्दै गएको छ।



घान्द्रुक गाउँ

पछिल्लो समय चल्तीमा आएको अर्को पदमार्ग हो, माछापुच्छे गाउँपालिकास्थित मार्दी हिमाल पदमार्ग। आन्तरिक एंव बाह्य पर्यटकको रोजाइमा परेको यो मार्ग छोटो र नजिकबाट हिमाल हेर्न सकिने मार्गको रूपमा चिनिन्छ। प्राकृतिक सुन्दरताले भरिएको मार्गमा गुराँस, वनजंगल, चराचुरुंगीको आवाजसँगै माछापुच्छ्रे, मार्दी, अन्नपूर्ण साउथ, गंगापूर्णलगायत हिमाललाई एकैसाथ नजिकबाट अवलोकन गर्न सकिने स्थानीय पर्यटन व्यवसायी कविता गुरुङ बताउँछिन्। कास्कीको अन्नपूर्ण गाउँपालिकास्थित काँडेबाट जाँदा अस्ट्रेलियन क्याम्प, पोथना, प्रितम देउराली, फोरेस्ट क्याम्प, लो क्याम्प, बादलडाँडा हुँदै चार हजार पाँच सय ५० मिटर उचाइमा रहेको मर्दी हाइक्याम्पमा पुग्न सकिन्छ। जान-आउन तीन दिन लाग्छ भने माछापुच्छ्रे गाउँपालिकास्थित सिदिङबाट भेन्जु, भेडीखर्क, तागादी हुँदै लो क्याम्पबाट हाईक्याम्प जाँदा हिँड्न सक्नेहरू दुई दिनमा आउजाउ गर्न सक्ने व्यवसायी गुरुङ बताउँछिन्। पोखराबाट जाँदा कम समयमा नजिकै पुगेर हिमशृंखला दृश्यावलोकन गर्न सकिने स्थानको रूपमा यो मार्ग चिनिँदै आएको छ।

मोटरबाटोले पदयात्रा छोटिँदै गएपछि अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) र स्थानीयवासीको सक्रियतामा घान्द्रुकदेखि टाडापानी, वनठाँटी, देउराली, दोबाटो, पोढे, तिरुभु, छोम्रोङसम्मको नयाँ पदमार्गसमेत बनेको छ। एक साता अवधिको यो पदमार्गमा पर्यटकले भिर, पहरा, झरना, वनजंगल, जंगली जनावर, चराचुरुंगी, नदी, फूल, ताल र स्थानीय परम्परागत संस्कृतिको अवलोकन गर्न पाउनेछन्। साथै अन्नपूर्ण, धवलागिरि, माछापुच्छ्रे, मनास्लु हिमशृंखलासँगै समशीतोष्ण वन, मिश्रित पतझर वन, कोणधारी वन, उच्च घाँसे मैदान र सयौँ प्रजातिका फूल अवलोकन गर्न पाउँछन्। 'अन्नपूर्ण सेन्चुरी पर्यटन समिति घान्द्रुक'का अध्यक्ष ललित गुरुङले स्थानीय कला, संस्कृति र प्राकृतिक सम्पदाले भरिपूर्ण त्यस क्षेत्रको मौलिक संस्कृति र सम्पदाको संरक्षण र विकासका लागि स्थानीय व्यवसायीहरू जुटेको जानकारी दिए।

हाल नयाँ पदमार्गको रूपमा विकास गरेको अर्को मार्ग हो, माछापुच्छ्रे गाउँपालिकास्थित सारिपाखा हुँदै खुमैडाँडा र कोरचाङसम्मको पदमार्ग। यो पदमार्गमा हाल पर्यटकको चहलपहल बढ्दै गएको छ। समुद्री सतहबाट तीन हजार दुई सय ४५ मिटर उचाइमा रहेको खुमाइडाँडाबाट अर्को गन्तव्य कोरर्चाङमा पुग्न सकिन्छ, जुन तीन हजार ६ सय ८२ मिटर उचाइमा छ।

पोखराको हेम्जा हुँदै पाँचदेखि सात घन्टाको हिँडाइमा खुमैडाँडा र त्यहाँबाट तीन घन्टाको हिँडाइपछि कोरचाङ पुग्न सकिन्छ। पदयात्रीहरू कोरचाङबाट एक दिनमा पोखरा फर्कन सक्नेछन्। त्यस स्थानको पर्यटन प्रवर्द्धनका लागि गत वर्ष गाउँपालिकाको कार्यपालिका बैठकसमेत खुमैडाँडामा बसेको थियो। पछिल्लो समय पर्यटकको चहलपहल बढ्दै गएपछि बैठकले सारीपाखा-खुमाई-कोर्चा रुटलाई पदमार्ग घोषणा गरी आवश्यक पूर्वाधार निर्माण गर्ने निर्णयसमेत गरेको थियो।

आकर्षण गर्न सहिदहरूका स्तम्भ मात्र होइन, विभिन्न खालका पूर्वाधारहरू पनि निर्माण भएका छन्, थप निर्माण कार्यसमेत चलिरहेको छ।

स्मारकमा मकवानपुर जिल्लाको पर्यटकीय सूचना केन्द्र, सहिद ग्यालरी, आकर्षक सहिद स्तम्भ, दार्शनिक एवं राजनीतिज्ञ रूपचन्द्र विष्टद्वारा प्रतिपादित थाहाको 'थाहा स्तम्भ', आकर्षक उद्यान, दृश्यावलोकन टावर, नमुना चिडियाघर, मदनवाटिका, प्रजातान्त्रिक पार्क, बालउद्यान, स्विमिङपुललगायतका थुप्रै पूर्वाधारहरू निर्माण भएका छन्। सहिदका बारेमा अध्ययन-अनुसन्धान एवं खोज गर्न चाहनेहरूका लागि अनुसन्धान केन्द्रको रूपमा सहिद ग्यालरी निर्माण गरिएको छ, जहाँ सहिदका बारेमा प्रकाशित पुस्तक, लेख, रचना, फोटो आदि संग्रहित छन्। स्मारकको अर्को आकर्षणको केन्द्र भनेको सहिदहरूको सम्झनामा बनाइएको सहिदस्तम्भ पनि हो। १९ मिटर गोलाइमा ६५ फिट अग्लो उक्त स्तम्भ स्मारकको सबैभन्दा माथिल्लो भागमा निर्माण गरिएको छ।

नमुना चिडियाघरले पनि पर्यटकलाई आकर्षित गर्ने गरेको छ।

नेपाल तथा भारतका विभिन्न स्थानबाट घुम्न आउने पर्यटकहरूले सहिद स्मारकको दृश्यावलोकनपछि मन खोलेर प्रशंसा गर्ने गर्छन्। कात्तिक, मंसिर र पुस महिना तथा नेपाली र अंग्रेजी नयाँ वर्षमा पर्यटकको बाक्लो भिड लाग्ने गर्छ।

नमुना चिडियाघरमा जरायो, मृग, चितुवा, बाँदर, डेडु, घडियाल गोही, अस्ट्रिच चरा, मयुरलगायतका चराचुरुंगी र जनावर छन्। सहिद स्मारक विकास समितिका कार्यालय प्रमुख रामचन्द्र न्यौपानेले सहीद स्मारक भ्रमणका लागि प्रत्येक वर्ष पाँच लाखभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको जानकारी दिए। उनले विशेषगरी, शनिबार र सार्वजनिक बिदाको दिन स्मारक परिसर भरिभराउ हुने बताए।

प्रमुख न्यौपानेका अनुसार स्मारकमा पिकनिक मनाउन, घुमफिर गर्न, अध्ययन-अनुसन्धान र अवलोकन गर्न देशका विभिन्न जिल्ला र भारतको विभिन्न ठाउँबाट समेत पर्यटक आउने गरेका छन्। उनले स्मारक प्रवेशका नेपाली पर्यटकलाई ५०, विद्यार्थीलाई ३०, विदेशी पर्यटकलाई १५० र सार्क राष्ट्रबाट आउने पर्यटकहरूलाई १०० रुपैयाँ शुल्क लाग्ने पनि जानकारी दिए।

नेपाल तथा भारतका विभिन्न स्थानबाट घुम्न आउने पर्यटकहरूले सहिद स्मारकको दृश्यावलोकनपछि मन खोलेर प्रशंसा गर्ने गरेको उनको भनाइ छ। प्रमुख न्यौपानेले कात्तिक, मंसिर र पुस महिना तथा नेपाली र अंग्रेजी नयाँ वर्षमा पर्यटकहरूको विशेष भिड लाग्ने जानकारी दिए।

मधेशको भव्य भरत ताल



श्रवण थापा
thapasharban@gmail.com



सर्लाहीको बागमतीमा रहेको भरत ताल पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएको छ। १२१ बिघामा फैलिएको यस तालले मधेश प्रदेशमा मात्र नभई भारतसम्म पनि पर्यटकीय स्थलको छाप छोड्न सफल भएको छ। तालले बागमती नगरपालिकाको ४ र १२ नम्बर वडाका केही भूभाग ओगटेको छ।

विजया दशमी, दीपावली र छठ पर्वको अवसरमा घुम्नलायक गन्तव्य बनेको छ मानवनिर्मित यो ताल। पछिल्लो समय नगरले तालपरिसरलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न योजना पनि ल्याएको छ। पूर्व-पश्चिम राजमार्गबाट तीन किलोमिटरको दूरीमा रहेको यो ताल चुरे पहाडको काखमै छ। तालपरिसरमा रहेका अनेक मनोरञ्जनका साधनले यहाँ आउने पर्यटकलाई थप रोमाञ्चित बनाउने गरेको छ। तालमा तीव्र गतिमा कुद्ने मोटरबोटदेखि मिनी क्रुजसम्मले तालभन्दा पनि समुद्रमा घुमेको आभास दिलाउने गरेको यहाँ घुम्न आउने पर्यटकको भनाइ छ।

तालको एक छेउमा एडभेन्चर स्काई साइक्लिङ, घोडचढी, उँटचढी, बालबालिकाका लागि खेल्ने सामग्रीसहितको पार्क छ। तालकै छेउमा तयार हुँदै गरेको एक सय बिघा क्षेत्रफलको नगर बगैंचा पर्यटकका लागि अर्को आकर्षणको केन्द्र बनिरहेको छ। पछिल्लो समय ताल घुम्न आउने पर्यटकको घुइँचो नै लाग्ने गरेको छ। विभिन्न चाडपर्व तथा नेपाली र अंग्रेजी नयाँ वर्षमा समेत आन्तरिक तथा बाह्य पर्यटकको घुइँचोले तालपरिसर भरिभराउ हुने गरेको छ। संघ र प्रदेश सरकारको सहयोग तथा समन्वयमा बागमती नगरपालिकाले बागमती नदीकिनारमा कृत्रिम ताल निर्माण गरेको हो। ताल निर्माण कार्य अहिले पनि जारी छ। भौतिक संरचना सँगसँगै तालालाई अझै सुन्दर बनाउने कार्य जारी रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विमल पोखरेलले जानकारी दिए।

माछा पोखरी बनिनसक्दै उक्त संरचना पर्यटकीय आकर्षणको केन्द्र बन्यो। तालको अहिले देशभर मात्र होइन, भारतमा पनि चर्चा छ। ताल अवलोकन गर्न आउनेको भिड थेग्निसक्नु छ । फेसबुक, टिकटकलगायत सामाजिक सञ्जालमा बागमती माछा ताल होइन, भरत तालको नामले चिनिन्छ।

नगरपालिकाका मेयर भरतकुमार थापाको परिकल्पनामा यो माछा तालको रूपमा निर्माण भइरहेको थियो। तर, घुम्न आउने पर्यटकले माछा ताल भनेनन्, मेयर भरतले बनाएकाले 'भरत ताल' नामकरण गरिदिए। त्यसपछि ओइरिन थाले नेपालदेखि भारतसम्मका पर्यटक।

> नगरपालिकाका मेयर भरतकुमार थापाको परिकल्पनामा यो माछातालको रूपमा निर्माण भइरहेको थियो। तर, घुम्न आउने पर्यटकले माछाताल भनेनन्, मेयर भरतले बनाएकाले 'भरत ताल' नामकरण गरिदिए। त्यसपछि ओइरिन थाले नेपालदेखि भारतसम्मका पर्यटक।



निर्माणाधीन तालमा बागमती नदीकै पानी ल्याएर हालिएको छ। तालमा सुरुदेखि नै मोटरबोट सञ्चालन गरियो। बागमती इन्टरटेन्मेन्ट प्रालिका सञ्चालक गौतम खड्काका अनुसार पछिल्ला दिनमा तालको अवलोकन गर्न आउनेको संख्या ह्वात्तै बढेको छ। 'टिकटक र अन्य सामाजिक सञ्जालमा यो ताल भाइरल भएपछि विभिन्न अवसर पारेर तालमा पारिवारिक जमघट गर्न आउने बढेका छन्,' खड्काले भने, 'सार्वजनिक बिदाको दिन त मोटरबोटमा मानिस चढाएर घुमाउनै भ्याइँदैन।'

निर्माणाधीन तालपरिसरमा होटेललगायत अन्य व्यापार व्यवसाय निकै फस्टाउँदा आन्तरिक रोजगारी सिर्जना भएको स्थानीयको भनाइ छ। बागमती नगरपालिका-१२, कर्मैयाका स्थानीय लीला ढकाललले आफ्नो ठाउँमा निर्माण भइरहेको ताल पर्यटकीय गन्तव्य बन्दै गएपछि खुसी लागेको बताए। 'तालपरिसरमा अप्रत्यासित रूपमा पर्यटक ओइरिएका छन्, यसबाट हामी पनि आश्चर्यचकित भइरहेका छौं,' ढकाललले भने, 'व्यवस्थित ढंगले ताल निर्माण गरे भविष्यमा मुलुककै एक प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्छ।'

मधेश प्रदेश सरकारको ८० प्रतिशत, स्थानीय सरकारको १५ प्रतिशत र संघीय सरकारको पाँच प्रतिशत लागतमा ताल निर्माण भइरहेको छ। निर्माणाधीन अवस्थामै तालबाट आर्थिक उपार्जन भइरहेको छ। तालमा सञ्चालन हुने मोटरबोट तथा व्यापार व्यवसाय गर्ने व्यापारीहरूले नगरपालिकालाई कर तिरिरहेका छन्। तालालाई माछापालनको हिसाबले सञ्चालन गर्दा नगरले थप आयआर्जन गर्ने नगरपालिकाले जनाएको छ।

तालको उत्तरपट्टिको भागमा सुमेरु पर्वतको आकृतिमा शिव-पार्वतीको विशाल मूर्ति स्थापना गरिने नगरकी उपमेयर लीलाकुमारी मोक्तानले बताइन्। शिवको जटाबाट पानी झरेको स्वरूप निर्माण गरिने उनको भनाइ छ। तालको बीच भागमा होटेल निर्माण हुनेछ। तालआसपासमा ३० वटा वनभोज स्थल, ५० चौतारा र प्रतीक्षालय निर्माण गरिनेछ।

यस्तै तालको दक्षिणतर्फको भागमा चलचित्र छायांकनको क्षेत्र बनाउने योजनासमेत रहेको नगरका योजना शाखाका सुजन बडाललले बताए। नगरले चलचित्र विकास बोर्डबाट आएको प्रस्तावमा अध्ययन गरिरहेको छ। मेयर थापाले नगरपालिकालाई पर्यटकीय हिसाबले विकास गर्दै स्थानीयस्तरमा आयस्रोतको खोजी गरिएको बताए। ताल निर्माणले यस क्षेत्रको सिँचाइ र वातावरण संरक्षणमा टेवा पुग्ने अपेक्षा गरिएको मेयर थापाको भनाइ छ।

'तालमा माछापालन गर्नेदेखि पर्यटक आकर्षित गर्ने, नगरको आम्दानी बढाउने हाम्रो प्रमुख उद्देश्य हो,' मेयर थापाले भने, 'बनी नसक्दै तालमा देखिएको आकर्षणले हामीलाई धेरै हौस्याएको छ। तालालाई देशको एउटा आकर्षक पर्यटकीय स्थल बनाउँछौं।' तालमा प्राकृतिक विपत्सम्बन्धी तालिम केन्द्र पनि बन्ने सम्भावना देखिएको मेयर थापाको भनाइ छ। यस तालमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा प्राकृतिक प्रकोप न्यूनीकरणसम्बन्धी प्रदेशस्तरीय पूर्वतयारी अभ्याससमेत गरेका थिए।

आर्थिक नगरीका पर्यटकीय गन्तव्यहरू



वीरगन्जको घडीअर्बा पोखरी



तिवारी यादव
twryadav@gmail.com

देशको आर्थिक नगरीको पहिचान बनाएको वीरगन्ज महानगरपालिकाभित्र र यसआसपासका क्षेत्रमा आधा दर्जनभन्दा बढी इतिहास बोकेका धार्मिक र पर्यटकीय स्थल छन्। वीरगन्जनजिकै गढीमाई मन्दिर छ, त्यस्तै पर्सा राष्ट्रिय निकुञ्ज पनि छ। यस्ता चर्चित ठाउँसँगै कम सुनिएका तर निकै महत्त्वका स्थान वीरगन्जमा धेरै छन्।

शंकराचार्यद्वार

वीरगन्ज रक्सोल सीमाक्षेत्रको शंकराचार्यद्वार अहिले सबैको आकर्षणस्थल बनेको छ। सरकारी उदासीनता र उपेक्षाकै कारण फोहोरमैला फाल्ने डम्पिङस्थलको रूपमा परिणत भएको भन्सार क्षेत्रमा महानगरपालिकाले सरसफाइ र सौन्दर्यीकरण गरी प्रवेशद्वार निर्माण गरेपछि अहिले सबैको चासो बढेको छ। अहिले यहाँ आन्तरिक तथा बाह्य पर्यटक तस्बिर खिचाउन, टिकटक बनाउन भिड लाग्ने गर्छन्। विदेशबाट आउने पाहुनालाई स्वागत गर्न शंकराचार्यद्वारमा अंग्रेजी भाषाको डिजिटल बत्ती लगाएको छ।

काठमाडौं, जनकपुर, विराटनगर, चितवन, नवलपरासी, मकवानपुरसम्मका आगन्तुक यहाँ घुम्न आउँछन्। भारतीय सीमानजिक पर्ने भएकाले यो द्वार भारतीय पर्यटकको समेत आकर्षणको केन्द्र बनेको छ। काँची कामकोटी विद्यापीठपति जगदगुरु शंकराचार्य श्री १००८ जयन्द्र सरस्वती स्वामीले २०४४ साल चैतमा यो गेट शिलान्यास गरेका थिए। गेट निर्माणका लागि वीरगन्जका उद्योगी व्यवसायीले चन्दा सहयोग गरेका थिए।

घडीअर्बा पोखरी

वीरगन्जको मध्यभागमा पर्छ, घडीअर्बा पोखरी। ०५२ सालमा वीरगन्ज नगरपालिकाले निर्माण गरेको यो पोखरी १३ पुस ०५६ मा तत्कालीन राजा वीरेन्द्रले उद्घाटन गरेका थिए। त्यसअघिसम्म यो खुला पोखरीका रूपमा थियो। अहिले यो धार्मिक र पर्यटकीय गन्तव्य बनेको छ। करिब पाँच बिघामा फैलिएको पोखरीको मध्यभागमा दक्षिण एसियाकै ठूलो सूर्यमूर्ति छ। सोही मन्दिरमा गंगाको मूर्ति पनि स्थापना गरिएको छ। हरेक आइतबार साँझ जनकपुरको गंगासागर तथा भारतको वनारस र हरिद्वारमा जस्तै सूर्य-गंगा आरती हुन्थ्यो। आरती केही वर्षयता रोकिएको छ।

यहाँ छठ पर्वको वेला मेला लाग्ने गर्छ। छठकै लागि सूर्य र गंगाका मूर्ति स्थापना गरिएको हो। दैनिक करिब पाँच सयजना पोखरीमा घुम्न आउँछन्। आगन्तुकसँग २५ रुपैयाँ शुल्क लिने गरिएको छ। वीरगन्ज महानगरपालिकाले पोखरीमा नौकाविहारको सुविधा पनि उपलब्ध गराएको छ। अहिले यो स्थान सपरिवार छुट्टी मनाउने थलो बनेको छ। भारतीय पर्यटकको समेत आकर्षणको केन्द्र बनेको छ, यो पोखरी। नेपालका करिब २० वटा जिल्लाका आगन्तुक यहाँ घुम्न आउँछन्।

घन्टाघर

वीरगन्जको मुटुको रूपमा रहेको घन्टाघर अलग पहिचान बोकेको स्थान हो। घन्टाघर चोकमा आएका जोकोहीले पनि एउटा तस्बिर खिचाउँछन्। नेपालको अन्य ठाउँको घन्टाघरभन्दा यहाँको घन्टाघर छुट्टै किसिमको देखिन्छ। वीरगन्जको परिचयका रूपमा रहेको घन्टाघर मर्मत र रेखदेखका लागि भन्दै वीरगन्ज महानगरपालिकाले स्वामित्व लिएको छ। घन्टाघर वीरगन्जको राजनीतिक आन्दोलनहरूको साक्षी पनि हो। घन्टाघर अहिले पनि आन्दोलनको केन्द्र नै हो।

वीरगन्जका मन्दिरहरू

गहवामाई मन्दिर वीरगन्जको एक प्रसिद्ध मन्दिर हो। यो गहवामाई भगवतीको मन्दिर हो। वीरगन्जवासीको आस्थाको केन्द्र मानिने गहवामाई मन्दिरको सयौं वर्ष पुरानो इतिहास छ। सहरको बीच भाग माईस्थानमा अवस्थित गहवामाई मन्दिरलाई माईस्थान मन्दिर पनि भनिन्छ। प्रत्येक वर्ष दसैंको घटस्थापनादेखि दशमीसम्म गहवामाई मन्दिरमा भक्तजनको ठूलो भिड लाग्छ। भारतीय सीमानजिक पर्ने भएकाले भारतीय पर्यटकको समेत आकर्षणको केन्द्र बनेको छ।

विन्दवासिनी मन्दिर वीरगन्जबाट आठ किलो मिटर पश्चिममा रहेको ऐतिहासिक मन्दिर हो। यहाँ पनि दसैंमा घुइँचो लाग्ने गर्छ। यो मन्दिरमा पनि विभिन्न ठाँउका भक्तजन देवीको पूजा गर्न आउँछन्।

वीरगन्जको पिपरास्थित चिनीमिल आवास क्षेत्रमा रहेको पशुपतिनाथ मन्दिर पनि पछिल्लो समय भक्तजनहरूको आस्थाको केन्द्र बन्दै गएको छ। यहाँ साउन महिनाभरि भक्तजनहरू शिवको पूजापाठ गर्न पुग्छन्।

फेरिँदै पूर्वका पर्यटकीय स्थान

बिदामा पहिले घुमफिरका लागि विदेश रोज्नेहरूले अहिले स्वदेशकै रमणीय स्थलहरू रोज्न थालेका छन्



गणेश लम्साल
gl3630019@gmail.com

विराटनगरका उद्योगी तथा उद्योग संगठन मोरङका पूर्वअध्यक्ष सुयश प्याकुरेल पहिले-पहिले घुमफिर गर्न विदेश जान्थे। तर, आजकाल उनले आफ्नो रुचिमा परिवर्तन ल्याएका छन्। आजकाल उनी चाडबाड र अनुकूल सिजनमा नेपालकै पर्यटकीय गन्तव्य घुम्न र खासगरी हिमाली क्षेत्रको ट्रेकिङमा जान रुचाउँछन्। उनले पटकपटक अन्नपूर्ण क्षेत्रको भ्रमण गरिसकेका छन्।

विराटनगरका उद्योगी नन्दकिशोर राठी पनि पहिले दसैंको समयमा प्रायः परिवारसहित विदेश घुमफिर गर्न रुचाउँथे। दसैंको वेला केही दिनका लागि उद्योग पनि बन्द हुने र कार्यालय बिदा हुने भएकाले यो समयलाई विदेशका नयाँ नयाँ पर्यटकीय गन्तव्य भ्रमण गरेर रमाउने उनको सोख नै बनिसकेको थियो। तर, आजकाल उनको सोख फेरिएको छ। उनी आजकाल चाडपर्वमा विदेश होइन, सकभर नेपालकै रमणीयस्थल घुम्न रुचाउँछन्।

विराटनगरका घरानियाँ उद्योगी सुरेन्द्र गोल्छा पनि दसैंको समयमा विदेश भ्रमण गर्न रुचाउँथे। उनले बिदाको समयमा एसियाको मात्र नभएर युरोपका पनि धेरै देश सपरिवार घुमिसकेका छन्। तर, आजकाल गोल्छाले पनि चाडपर्वमा घुमफिरका लागि आफ्नै देशका पर्यटकीयस्थलहरू रोज्ने गरेका छन्। उनले नेपालमा पर्यटन उद्योगको प्रचुर सम्भावना देखेर धनकुटाको राजारानीमा सुविधासम्पन्न पाँचतारे रिसोर्ट खोल्ने तयारी पनि थालेका छन्।

राठी र गोल्छाजस्तै दसैं बिदामा विदेश घुमफिर गर्ने उद्योगीहरू विराटनगरमा धेरै छन्। पहिले घुमफिरका लागि विदेश रोज्ने धेरैले आजकाल स्वदेशकै रमणीयस्थानहरूलाई गन्तव्य बनाउन थालेका छन्। उनीहरू अनुकूल सिजनमा मुस्ताङको मुक्तिनाथ, लुम्बिनी, गोरखाको मनकामनालगायत स्थानहरूमा घुमफिर गर्न रुचाउँछन्। यसबाहेक कोशी प्रदेशका प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य खोटाङको हलेसी, ताप्लेजुङको पाथीभरा, इलामको सानो पाथीभरा र सुनसरीको बराहक्षेत्रमा घुमफिरसहित दर्शन गर्न विराटनगरवासी पुग्ने गर्छन्।




पहिले चाड पर्व र अनुकूल सिजनमा भारतको दार्जिलिङ र सिक्किम घुमफिर गर्न रुचाउने विराटनगरवासी आजकाल इलामको कन्याम, चितवनको देवघाट र नवलपरासीको चारधामलाई प्राथकिता दिन थालेका छन्। आजकाल उत्तरी सिक्किममा रहेको चारधाम जानेक्रम धेरै कम भएको विराटनगरका पर्यटन व्यवसायीहरू बताउँछन्। इलामको ३६ सय मिटर उचाइमा पर्ने रमणीय सन्दकपुर क्षेत्र पनि बिस्तारै विराटनगरवासीको रोजाइमा पर्न थालेको छ।

धेरैको रुचि होमस्टे

कोशी प्रदेशमा धेरै पर्यटकीय गन्तव्य छन्। तर, सबैतिर राम्रा होटेलहरू छैनन्। धेरै ठाउँमा पर्यटकले चाहेजस्तो खानबस्न पाउँदैनन्। तर, आजकाल स्थानीयवासीबाटै धमाधम होमस्टेहरू सञ्चालन हुनथालेपछि राम्रा र दुर्गम क्षेत्रका पर्यटकीय गन्तव्यहरूमा भिडभाड बढ्न थालेको छ। होमस्टेले गर्दा आजकाल कोशी प्रदेशका धेरै पर्यटकीयस्थलको भ्रमण गर्दा कहाँ बस्ने खाने भन्ने चिन्ता हुँदैन। स्थानियवासीले पर्यटकहरूलाई आफ्नै घरमा राख्छन्।

> विराटनगरको कटहरी, पुष्पलाल चोक र हाटखोला चोकमा रहेका पार्कहरूमा विराटनगरवासी घुमफिरका लागि सपरिवार पुग्ने गरेका छन्। यस्तै, मोरङको सुन्दरहरैंचामा रहेको गोकुलम, बेलबारीमा रहेको ड्रिमल्यान्डदेखि झापाको दमक र सुरुंगामा रहेका फनपार्कमा घुमफिर गर्नेहरूको प्रायः ओइरो नै हुन्छ।



धनकुटाको नम्जे, मोरङको जेफाले अनि इलामको श्रीअन्तुमा रहेका होमस्टेहरूमा चाडपर्वको समयमा मात्र नभई अनुकूल सिजनमा घुमफिर गर्नेहरूको लर्को नै लाग्छ। चाडपर्व र गर्मीको समयमा विराटनगरवासीहरू धेरैजसो चिसो हावापानी भएको धनकुटाको नाम्चे र श्रीअन्तुको होमस्टेमा वास बस्न पुग्छन्।

पर्यटन कार्यालय काँकडभिट्टाका अनुसार पूर्वमा इलामको श्रीअन्तु डाँडा, बरबोटे, ताप्लेजुङको पाथीभरा फेदी, झापाको बाहुनडागी र दमक, सुनसरीको पूर्वकुशहा र इटहरीको खोर्सानेखाप, धनकुटाको नाम्जे, मोरङको जेफाले र राजाराजी, संखुवासभाको खाँदबारी आदि पर्यटकीय स्थानमा होमस्टेहरू सञ्चालनमा आइसकेका छन्। सञ्चालनमा आएका होमस्टेहरू केही निजी र धेरै सामुदायिक भनेर दर्ता भएका छन्। नेपालको पहाडी क्षेत्रको सौन्दर्य भारतको सिमला, मनाली, दार्जिलिङ र कास्मिरभन्दा कम नभएकाले भारत घुमफिर गर्न जाने विराटनगरेहरू आजकाल नेपालकै पहाडी क्षेत्र घुम्न थालेको पर्यटन व्यवसायी भवेश श्रेष्ठ बताउँछन्। उनका अनुसार नेपालका पहाडी क्षेत्रका प्राकृतिक रूपले रमणीय पर्यटकीय गन्तव्यहरू भारतीयहरूको समेत रोजाइमा पर्न थालेको छ। आजकाल सीमाक्षेत्रमा पर्ने बिहार र बंगाल राज्यका भारतीयहरू पनि चाडपर्व र अनुकूल सिजनमा कोशी प्रदेशका पहाडी क्षेत्रमा प्रशस्त घुमफिर गर्न आउने गरेका छन्।

आकर्षणमा फनपार्क र सिमसार क्षेत्र

आजकाल मध्यमवर्गीय मात्र नभई निम्नमध्यम वर्गीय र निम्नवर्गीय परिवारका सदस्यहरूले चाडपर्व र अनुकूल समयमा फनपार्क र सिमसार क्षेत्रको घुमफिरलाई पनि गन्तव्य बनाउन थालेका छन्। चाडपर्वको समयमा त विभिन्न स्थानमा रहेका फनपार्कहरूमा सपरिवार घुमफिर गरेर खानपान गर्नेहरूको घुइँचो नै लाग्छ। विराटनगरको कटहरी, पुष्पलाल चोक र हाटखोला चोकमा रहेका पार्कहरूमा विराटनवासी घुमफिरका लागि सपरिवार पुग्ने गरेका छन्। यस्तै, मोरङको सुन्दरहरैंचामा रहेको गोकुलम, बेलवारीमा रहेको ड्रिमल्यान्डदेखि झापाको दमक र सुरुंगामा रहेका फनपार्कहरूमा घुमफिर गर्नेहरूको प्रायः ओइरो नै हुन्छ। यस्तै, सुनसरीका बर्जुताल, मोरङ बेलबारीमा रहेको वेतना सिमसार र उर्लाबारीमा रहेको बेतिनी सिमसार अनि झापाको सुरुंगामा रहेको जामुनखाडी पनि चाडपर्व र बिदाको समयमा घुमफिर गर्ने पर्यटकीय गन्तव्यहरू हुन्।

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ४ कात्तिक ०८०

चाडबाडका कारण कर्जा प्रवाह ९० अर्बले बढ्यो

५० खर्ब पुग्यो कर्जा प्रवाह, तीन महिनामा एक खर्ब २१ अर्बले वृद्धि

नयाँ पत्रिका



चाडबाडका कारण असोज महिनामा मात्र बैंक तथा वित्तीय संस्थाबाट हुने कर्जा प्रवाह ९० अर्ब रुपैयाँले बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार असोज मसान्तसम्ममा कर्जा प्रवाह बढेर ५० खर्ब रुपैयाँ पुगेको छ ।

त्यस्तै, चालू आर्थिक वर्षको तीन महिनामै कर्जा प्रवाह एक खर्ब २१ अर्ब रुपैयाँले बढेको छ । केन्द्रीय बैंकका अनुसार चालू आवको पहिलो तीन महिनामा कर्जा प्रवाह २.४८ प्रतिशतले बढेको हो । कुल कर्जा प्रवाहमा असोज महिनामा बढी कर्जा प्रवाह भएको छ ।

दसैँ-तिहारकेन्द्रित कारोबार बढी हुने भएकाले यो महिनामा बढी कर्जा प्रवाह भएको हो । पोहोर असोजमा ३३ अर्बले कर्जा प्रवाह बढेको थियो । ०७८/७९ को असोजमा कर्जा प्रवाह ९१ अर्ब थियो । यो विस्तारसँगै असोज मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह ५० खर्ब रुपैयाँ पुगेको छ । यो देशको अर्थतन्त्रको आकार अर्थात् कुल गार्हस्थ्य उत्पादनको ९२.९१ प्रतिशत हो ।

कुल कर्जा प्रवाहमध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह भने असोज मसान्तसम्मा ४४ खर्ब २६ अर्ब रुपैयाँ पुगेको छ । केन्द्रीय बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ५९ खर्ब १५ अर्ब रुपैयाँ पुगेको छ । जसमा वाणिज्य बैंकहरूको मात्रै ५२ खर्ब ४३ अर्ब रुपैयाँ छ ।

असोजमा किन बढी हुन्छ कर्जा प्रवाह ?

सामान्यतया दसैँ-तिहारमा वस्तुको माग बढ्नाले कर्जा प्रवाह बढ्नु स्वाभाविक भएको नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले बताए । उनले भने, 'असोजमा दसैँ-तिहारमा बढी उपभोग हुने भएकाले कर्जाको माग बढी नै हुन्छ । यसपालि पनि सोहीअनुसार कर्जा प्रवाह बढी भयो । तर, सोचेअनुरूप भने हुन सकेन ।'

असोजमा कर्जाको माग बढी भए पनि कात्तिकभर एक महिनासम्म कर्जाको माग ठप्पप्रायः रहने केसीको भनाइ छ । उनले अब छठपछि मात्रै कर्जाको माग बढ्ने बताए । उनले भने, 'बिस्तारै आर्थिक गतिविधि चलायमान हुँदै गएकाले यसपालि कर्जाको माग राम्रो हुने आशा छ ।'

दसैँमा बढ्दो मागका कारण बर्सेनि असोज महिनामा डेढ खर्बसम्मको हाराहारी कर्जा प्रवाह हुने गरेको थियो । तर, कोभिडपछि दसैँ-तिहारकेन्द्रित चहलपहलमा कमी आएसँगै असोज महिनामा हुने कर्जाको विस्तार संकुचित हुँदै आइरहेको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पाँच वर्षमा दसैँ-तिहारकेन्द्रित कर्जा प्रवाह विवरण

आर्थिक वर्ष	असोजको कर्जा प्रवाह (रु)	साउन-असोजसम्म (रु.)
०७६/७७	५८ अर्ब	१ खर्ब २३ अर्ब
०७७/७८	१ खर्ब ३७ अर्ब	१ खर्ब ४६ अर्ब
०७८/७९	९१ अर्ब	३ खर्ब १९ अर्ब
०७९/८०	३३ अर्ब	५४ अर्ब १६ करोड
०८०/८१	९० अर्ब	१ खर्ब २१ अर्ब

स्रोत : नेपाल राष्ट्र बैंक

गैरआवासीय नेपाली संघको निर्वाचन फेरि पनि विवादमा

मुना कुँवर / नयाँ पत्रिका



गैरआवासीय नेपाली संघको निर्वाचन पुनः विवादमा परेको छ । अनलाइन निर्वाचन प्रणालीमा अध्यक्ष डा. बद्री केसीको समूहले घोटाला गरेको भन्दै अध्यक्षका प्रत्याशी राजेन्द्रकुमार शर्मा र महेश श्रेष्ठको समूहले निर्वाचन नै अस्वीकार गरेका छन् ।

संघले यसपटक अनलाइनमार्फत निर्वाचन प्रक्रिया सम्पन्न गरेको थियो । निर्वाचन सम्पन्न भएपछि अनलाइनमार्फत नै निर्वाचनको परिणाम सार्वजनिक गरिएको थियो । तर, उपाध्यक्षका दाबेदार डा. केशल पौडेललाई काठमाडौंबाट दिइएको भोट शून्य देखिएपछि निर्वाचन प्रणालीको विरोध गरिएको हो ।

यसपटक संघको निर्वाचनका लागि चार हजार दुई सय प्रतिनिधि छनोट गरिएको थियो । जसमध्ये काठमाडौंमा नै उपस्थित भएर मतदान गर्नेको संख्या आठ सय २५ भए पनि निर्वाचनको परिणाममा काठमाडौंमा खसेको भोट शून्य देखिएको थियो । जबकि केशव आर्फैले काठमाडौं नै उपस्थित भएर मतदान गरेको बताए । यसले अनलाइन मतदान प्रणालीमा नै घोटला गरिएको भन्दै आरके शर्मा र महेश श्रेष्ठको समूहले निर्वाचन हलमा नै नाराबाजी गरेका थिए । उनीहरूले डा. केसीले निर्वाचनमा घोटाला गरी आफ्नो प्यानल नै विजयी गराएको आरोप लगाएका छन् ।

यससँगै शर्मा र श्रेष्ठको समूहले प्रेस विज्ञप्ति जारी गरी निर्वाचन अस्वीकार गरेको जनाएका छन् । उनीहरूले पुनः मतदानका लागि आह्वान गरेका छन् । तर, डा. केसीको समूहले भने मतदानका लागि प्रयोग गरिएको भेरो सफ्टवेयरमा उपलब्ध भएको तथ्यांक कपी गरेर पठाउने क्रममा केही प्राविधिक त्रुटि भएको जनाएको छ ।

अध्यक्षमा बद्री केसी विजयी

गैरआवासीय नेपाली संघ (एनआरएनए)को अध्यक्ष पदमा डा. बद्री केसी विजयी भएका छन् । बिहीबार भएको प्रत्यक्ष र अनलाइन मतदानमा अध्यक्षका अन्य प्रत्याशीहरू आरके शर्मा र महेश श्रेष्ठलाई हराउँदै केसी अध्यक्ष पदमा निर्वाचित भएका हुन् । डा. केसीले एक हजार तीन सय ७८ मत, शर्माले एक हजार दुई सय ८१ मत र श्रेष्ठले एक हजार दुई सय २५ मत प्राप्त गरे ।



काठमाडौंको होटेल सोल्टीमा भएको ११औँ विश्व सम्मेलन र सोक्रममा भएको निर्वाचनमा ६ उपाध्यक्षमा डा. हेमराज शर्मा दुई हजार दुई सय ६५, रोबिन शेरचन दुई हजार एक सय ८०, रामशरण सिम्खडा एक हजार पाँच सय ५२, खगेन्द्र न्यौपाने एक हजार तीन सय ५७, राज रेग्मी एक हजार नौ सय र डा. विनोद श्रेष्ठ एक हजार पाँच सय ६० मत ल्याई निर्वाचित भए । यस्तै, महिला उपाध्यक्षमा रोजिना प्रधानले एक हजार नौ सय ४७ मत प्राप्त गरेर विजयी भइन् । सोही पदमा यसमिन बेगम सैयदले एक हजार नौ सय १४ मत प्राप्त गरिन् । युवा उपाध्यक्षमा रोसन थापाले दुई हजार चार सय ६८ मत प्राप्त गरेर विजयी भए । सो पदमा अब्दुल बासिदले एक हजार तीन सय २२ मत प्राप्त गरे ।

संघको महासचिवमा गौरीराज जोशी दुई हजार ३७ मत प्राप्त गरेर विजयी भए । महासचिवका अर्का प्रत्याशी बुद्धि सुवेदीले एक हजार आठ सय १८ मत प्राप्त गरी उपविजेता भए । उपमहासचिवको दुई पदमा सोम सापकोटाले एक हजार सात सय ९० र प्रबिन गुरुङले दुई हजार एक सय ५० मत ल्याएर विजयी भए । ६ सचिव पदमा भीम केसी (कमल) एक हजार ६ सय ७३, डा. ज्ञानेन्द्र रेग्मी एक हजार सात सय ८२, मनोजकुमार श्रेष्ठ दुई हजार २४, डा. नवराज रोस्यारा एक हजार आठ सय ५३, पारशमणि पोखरेल एक हजार ६ सय ५१ र स्वतन्त्रप्रताप शाह एक हजार ६ सय ६६ मत ल्याएर विजयी भएका छन् ।

महिला सचिवमा टीका गुरुङ (राधिका) दुई हजार तीन सय २० मत ल्याएर विजयी भइन् । सोही पदमा विमला सापकोटाले एक हजार पाँच सय ३९ मत प्राप्त गरिन् । संघको कोषाध्यक्षमा सुदन थापा एक हजार नौ सय १७ मत प्राप्त गरेर विजयी भएका छन् । उनका प्रतिद्वन्द्वी ठाकुरप्रसाद ढुंगानाले एक हजार नौ सय १२ मत प्राप्त गरे ।

सहकोषाध्यक्षमा कृष्णप्रसाद तिमल्सिना दुई हजार १५, अभिमन्यू बस्नेत दुई हजार ८१ र तिलकप्रसाद गैरेले दुई हजार दुई सय ३२ मत प्राप्त गरेर विजय हासिल गरे । यस्तै, महिला सहकोषाध्यक्षमा अमृत थापाले दुई हजार दुई सय ८७ मत प्राप्त गरेर विजयी भइन् । उनकी प्रतिद्वन्द्वी तृष्णा शर्माले एक हजार पाँच सय २२ मत प्राप्त गरिन् । यस्तै, अन्तर्राष्ट्रिय महिला संयोजकमा अनुजा प्रधान दुई हजार तीन सय ३६ मत प्राप्त गरेर विजयी भइन् । सोही पदमा देविका खत्री गुरुङले एक हजार पाँच सय २४ मत ल्याइन् । यस्तै संघको युवा संयोजकमा सुपेन्द्र घिसिङले दुई हजार ३६ मत प्राप्त गरेर विजयी भए । सोही पदमा रबिन अधिकारीले एक हजार सात सय ६५ मत प्राप्त गरे ।

व्यवसायीको दसैँ

धेरैजसो घरपरिवारसँगै रमाउँदै छन्, फुर्सदमा पनि व्यावसायिक योजनामै व्यस्त

वर्षभरिमै सबैभन्दा लामो समय कामबाट फुर्सद हुने समय दसैँ नै हो । दसैँ पूजाआजा, खानपिन र रमाइलो गरेर तथा टीका लगाएर मनाइने परम्परागत संस्कृतिमा केही परिवर्तन हुन थालेको देखिएको छ । मानिसहरू लामो बिदाको समय पारेर घुमघाममा निस्कने पनि गर्न थालेका छन् । तर, उद्योगी-व्यवसायी भने दसैँलाई घरमै बसेर परिवारसँगै रमाउन तथा व्यावसायिक योजनाका बारेमा परिवारसँग छलफल गर्न रुचाउने गरेको देखिएको छ । कसरी मनाउँछन् उद्योगी-व्यापारीले दसैँ ?

व्यावसायिक योजना बनाइन्छ

● **पशुपति मुरारका**, पूर्वअध्यक्ष, नेउवा महासंघ



मारबाडी समुदायमा दसैँ मनाउने चलन केही फरक छ । घरमा नवरात्रको पूजा हुन्छ । दसैँमा मान्यजनको हातबाट टीका-जमरा लगाउने चलन छैन । तर, दशमीको दिन पुरेतका हातबाट टीका लगाउँछौं । हाम्रो मारकाट गर्ने प्रचलन हुँदैन । नवरात्रभरि लसुन-प्याजसमेत चल्दैन । त्यसैले सात्विक खाना खाइन्छ ।

दसैँ फुर्सदिलो समय हो । व्यापार-व्यवसाय नचल्ने हुँदा सबै घरमै भइन्छ । घरमा परिवार जमघट भई रमाइलो गर्छौं । फुर्सद हुनाले व्यावसायिक प्लान बनाउने काम हुन्छ । नयाँ आइडियामा परिवारभित्र छलफल हुन्छ । म दसैँमा बाहिर घुमफिर गर्न जान्नँ । सधैंजसो घरमै हुन्छु । बरु, दसैँमा फुर्सद हुने हुनाले दैनिक तीन-चार घन्टा काठमाडौंआसपासकै डाँडातिर साथीभाइसँग हाइकिङ जान्छु ।

परिवार, कर्मचारी र पर्यटकसँग मनाउँछु

● **वसन्त मिश्र**, पर्यटन उद्यमी



दसैँ-तिहार पर्यटनको मुख्य सिजन हो । यही समयमा झन् व्यस्त हुनुपर्छ । हामीलाई दसैँमा त्यति फुर्सद हुँदैन । हाम्रा कर्मचारीहरू पनि दसैँमा पर्यटकलाई सेवा दिन तम्तयार भएर बस्नुपर्छ । त्यसैले कर्मचारी व्यवस्थापनमै समय दिनुपर्छ । कतिपय कर्मचारी दसैँमा घर जान्छन् । दसैँमा नजानेहरू तिहारमा जान्छन् । दसैँमा पर्यटकलाई साइट सिन, माउन्टेन फ्लाइटमा लैजानुपर्ने हुन्छ ।

कर्मचारीहरू पनि मेरो परिवार नै हुन् । उनीहरू खुसी हुने गरी व्यवस्थापन गर्नुपर्छ । यही व्यवस्थापनमै मेरो ७० प्रतिशत समय जान्छ । बरु, पर्यटकीय सिजन सकिएपछि पिकनिक अर्गनाइज गर्छौं । सबै रमाइलो गर्छौं । दसैँ-तिहारमा आउने पर्यटकलाई नेपाली पर्वको अनुभूति दिलाउने गरी कार्यक्रम गर्छौं, ताकि आफ्नो देशमा फर्किएर नेपाली पर्वहरूबारे गुणगान गाओस् । अब दसैँपछि वर्ल्ड ट्राभल मार्ट (डब्लुटिएम)मा लन्डन जाँदै छु । दसैँमा मान्यजनको हातबाट टीका र आशीर्वाद थापिन्छ । आफूभन्दा सानालाई टीका लगाइन्छ । यसरी नै दसैँको समय बित्ने गरेको छ ।

पोखरामा मनाउँछु

● **अञ्जन श्रेष्ठ**, वरिष्ठ उपाध्यक्ष, नेउवा महासंघ



हाम्रो मूल घर पोखरा हो । आज (शनिबार) पोखरा जाँदै छौं । दसैँमा मूलघरमा पारिवारका २२-२३ जना सदस्य जम्मा हुन्छौं । वर्षभरि व्यस्त रहनेहरूका लागि दसैँ पारिवारिक मिलनको समय पनि हो । अलि लामो फुर्सद पनि मिल्छ । त्यसैले परिवारभित्रै रमाइलो गर्ने हो । विभिन्न परिकार बनाउने, खाने गरिन्छ । मलाई खसीको मासुका परिकार बनाउन मन लाग्छ र मिठै बनाउँछु भन्ने लाग्छ । घरमा सेलरोटी पोल्न पनि मज्जा लाग्छ । जसले जुन परिकार बनाउन जानेको छ, त्यही पकाएर खुवाउने गर्छौं ।

पोखरा गएपछि पुराना साथीभाइसँग भेटघाट हुन्छ । बाल्यकालका पुराना यादहरू साझा गर्न पाइन्छ । पोखराका मन्दिरहरू पनि दर्शन गर्न गइन्छ । दसैँको पूजा गरिन्छ । नेवारी परम्पराअनुसार अष्टमीको बेलुका कुछीभ्वय मनाउने प्रचलन छ । नेवारी विधिअनुसार भोज खाइन्छ, त्यसका लागि बिहानैदेखि नेवारी परिकार बनाउन व्यस्त भइन्छ । नवमीको दिन सवारीसाधन र फ्याक्ट्रीमा पूजा गरिन्छ । दशमीको दिन मान्यजनबाट टीका-आशीर्वाद थाप्ने र सानोलाई टीका लगाइदिने गर्छौं ।

कार्यक्षेत्रमै बित्छ

● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेविप्रा



यसपालि म सामान्य अस्वस्थ छु । त्यसैले दसैँ मनाउन गृहजिल्ला (रामेछाप) जाँदिनँ, काठमाडौंमै दसैँ मनाउँछु । त्यसमाथि पेसागत रूपमा पनि दसैँमा हामी सक्रिय हुनुपर्छ । दसैँको समयमा उद्योग, कारखाना, कार्यालयहरू बन्द हुँदा विद्युतको खपत धेरै हुँदैन । विद्युत्को माग तलमाथि भइराख्छ । भइपरि आउने समस्या पनि हुन्छ । परिस्थितिअनुसार विद्युत् को व्यवस्थापन गर्नुपर्ने हुन्छ । एक हिसाबले हामी २४ घन्टा नै तयारी अवस्थामा बस्नुपर्छ । त्यसतिर भने म सक्रिय हुन्छ ।

काठमाडौंमै हुन्छु

● **चंकी क्षेत्री**, अध्यक्ष, नेपाल बिमक संघ



म यसपालि काठमाडौंमै दसैँ मनाउछु । यसअघि म हरेक वर्ष गाउँ (भानु नगरपालिका, तनहुँ) जाने गर्थें । तर, यसपालि आमा बिरामी हुनुहुन्छ । अहिले आमा काठमाडौंमै हुनुहुन्छ । त्यसैले सम्पूर्ण परिवारसहित काठमाडौं दसैँ मनाउँछौं । दसैँलगत्तै भने आमा गाउँ जानुहुन्छ । समय मिलेको अवस्थामा दसैँपछि देशभित्रै कुनै ठाउँ पारिवारिक भ्रमण गर्छौं ।

दसैँपछि मात्र घुम्न जाने हो

● **सुनील केसी**, अध्यक्ष, नेपाल बैंकर्स संघ




पेसागत रूपमा वर्षभरि नै काममा व्यस्त भइन्छ । अरू वेला परिवारलाई समय दिन सकिँदैन । घुम्नलाई पनि समय हुँदैन । हामीलाई फुर्सद हुने यही वेला हो । त्यसैले यो समय खास नै हुन्छ । घटस्थापनादेखि दसैँको दिनसम्म पूजाआजामै व्यस्त भइन्छ । साथै, दसैँको दिन टीका लगाउने काम नै भयो । दसैँपछि भने केही दिन परिवारसहित भारतका केही धार्मिक स्थलको भ्रमण गर्ने योजना छ ।

हरेक दसैँ नेपालमै मनाउँछु

● **जीवा लामिछाने**, पूर्वअध्यक्ष, गैरआवासीय नेपाली संघ

म जहिल्यै दसैँ मनाउन नेपालमै आउँछु । हाम्रो चितवन पदमपुरमा पुख्यौंली घर छ । परिवारका सबै सदस्यहरू त्यहीँ जमघट भएर दसैँ मनाउँछौं । यसपटक अष्टमीको दिनमा चितवन जाने योजना छ । हरेक वर्ष दसैँको मुखमा एनआरएनको अधिवेशन हुन्छ । हामीले स्थापना गरेको साहित्यिक कार्यक्रम पनि यही समयमा पर्छ । त्यही भएर पनि हरेक दसैँ नेपालमै मनाउँछु । विदेशमा पढ्दा छुट्टी नहुने भएकाले दसैँमा घर आउन सकिएन । अरू दसैँमा नेपालमै आएको छु । चितवनमा पुगेर नवमीका दिन पदमपुरका इष्टमित्र, साथीभाइ र गाउँलेहरूलाई भेला गरेर चियापान गर्ने, उहाँहरूका कुरा सुन्ने, सुख-दुःखका कुरा गर्ने गर्छु । हरेक दसैँमा मेरो नियमित कार्यतालिका नै बनेको छ ।



परम्परागत परिकार पकाएर खाइन्छ । दशमीको दिनमा आमा र आफूभन्दा ठूला मान्यजनहरूको हातबाट टीका र आशीर्वाद थापिन्छ । मैले पनि आफूभन्दा सानालाई टीका लगाइदिन्छु । सानोमा दक्षिणाको खुब महत्त्व हुन्थ्यो । दिनभरि कमाएको पैसा बेलुका गनिन्थ्यो । अचेल आफूले टीका लगाइदिएर दक्षिणा दिन्छु । पैसाभन्दा ठूलो मान्यजनको आशीर्वाद हो । अहिले पनि ससुराली जाँदा दक्षिणा त पाइन्छ, तर सानोमा जस्तो महत्त्व हुँदैन ।

अष्टमीको कालरात्रि विशेष हुन्छ

● **विदुषी राणा**, निर्देशक, गोल्डस्टार सुज




मैले दसैँ घरमै मनाउने गरेकी छु । सपरिवार घरमै जम्मा हुन्छौं । कालरात्रिको पूजा गर्ने हुनाले पनि कहीँ घुम्न गइँदैन । घटस्थापनाको दिन घरमा जमरा राखियो । आज फूलपातीको दिन घरमा फूलपाती भित्र्याउँछौं । अष्टमीको दिन बिहानैदेखि पूजाआजा सुरु हुन्छ । राति १२ बजे मैतीदेवी मन्दिरमा गएर कालरात्रिको पूजा गरिन्छ । पहिल्यैदेखि कालरात्रिको पूजा गर्ने चलन छ । मैतीदेवी मन्दिर पनि घरनजिकै छ । घरमा पनि नवरात्रको पूजा गरिन्छ ।

नवमीको दिन परिवारसँगै बसेर खानपिन र रमाइलो गर्ने गरिन्छ । दसैँमा घरमा मान्यजनबाट टीका लगाइन्छ । अनि माइती र आफन्तकोमा पनि गएर टीका लगाउँछौं । हाम्रोमा पनि आफन्तहरू आउनुहुन्छ । उहाँहरूलाई पनि टीका लगाइदिन्छौं । खासगरी, दसैँमा परिवारभित्रै रमाइलो गरिन्छ । मेरा छोरी-छोरा अमेरिकामा पढ्छन् । उनीहरू आउन नपाउने हुँदा अलि खल्लो त लाग्छ नै । तर, यहीँ हुनुहुने परिवार र आफन्तहरूसँग रमाइलो गरिन्छ । नवरात्रको पूजाआजा धुमधामसँग गर्ने भए पनि व्रतचाहिँ बस्दिनँ । मेरो लागि तिहार पनि ठूलो चाड हो । यी दुवै चाडमा घर छाडेर बाहिर घुम्न जाने चलन छैन । ह

घुम्न जाने योजना बनाउन सकिएन

● **राधा पोखरेल**, अध्यक्ष, पुँजी बजार संघ



गत वर्षहरूमा जस्तो यस वर्ष घुम्न जाने योजना छैन । सेयर बजार घटेको हुँदा धेरै आम्दानी पनि गर्न सकिएन ।

आर्थिक मन्दीको असर नै भन्नुपर्ला, यसपटक खर्चको जोहो गर्ने योजनामा छु । घरमा टीका लगाउन माइत जाने र साथीहरूसँग बसेर सेयर बजारमा देखिएको समस्यालाई लिएर छलफल गर्ने योजनामा छु । मलाई चंगा उडाउन र पिङ खेल्न बच्चैदेखि एकदम मनपर्छ । काठमाडौंमा कता पिङ हालेका छन् भनेर खोज्नुपरेको छ ।

९० मेगावाटको मर्स्याङ्दी नदी अर्धजलाशययुक्त आयोजनाको पिपिए

काठमाडौं / ९० मेगावाट क्षमताको अर्धजलाशययुक्त मर्स्याङ्दी नदी जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) सम्पन्न भएको छ । कात्तिक १ गते सम्पन्न पिपिएमा विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र कम्पनीका अध्यक्ष अनुप आचार्यले हस्ताक्षर गरेका हुन् ।



तनहुँको भानु नगरपालिका र गोरखाको पालुङटार नगरपालिकामा निर्माण हुने मर्स्याङ्दी नदी जलविद्युत् आयोजना आगामी पाँच वर्षभित्र निर्माण सम्पन्न हुने प्रवर्द्धक कम्पनी एमए पावर प्रालिले जनाएको छ । आयोजनाको विद्युत् वर्षायाममा चार रुपैयाँ ८० पैसा र हिउँदयाममा आठ रुपैयाँ ४० पैसामा खरिद-बिक्री गर्ने सम्झौता भएको छ ।आयोजनाबाट हिउँदमा १८४ दशमलव ६७ गिगावाट आवर र वर्षायाममा ३७७ दशमलव ९३ गिगावाट आवर ऊर्जा उत्पादन हुनेछ । आयोजनाबाट ०८६ वैशाख २२ गते व्यावसायिक रूपमा विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको कम्पनीका अध्यक्ष आचार्यले जानकारी दिए ।

आयोजनाको वातावरणीय प्रभाव अध्ययन (इआइए) अन्तिम चरणमा रहेको र वित्तीय व्यवस्थापनका लागि नेपालीसँगै विदेशी लगानीकर्तासँग पनि आवश्यक प्रक्रिया अघि बढाइसकिएको कम्पनीका अध्यक्ष आचार्यले बताए । एमए पावरले निर्माण गरिरहेको २२ मेगावाटको सेती खोला जलविद्युत् आयोजनाको निर्माण ६ महिनाभित्र सकेर मर्स्याङ्दी नदी जलविद्युत् आयोजनाको निर्माण सुरु गर्ने आचार्यको भनाइ छ ।

आइएमई लिमिटेड

तेइसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०७/०४

आदरणीय शेयरधनी महानुभावहरू,

यस आईएमई लिमिटेडको मिति २०८०/०७/१ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ व २०७९/८० को वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभाका दिन निम्नलिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

सभा हुने मिति, स्थान र समय:

मिति : २०८० साल कार्तिक महिना २४ गते शुक्रबार (November 10, 2023)

स्थान : होटेल ले हिमालयन, लाजिम्पाट, काठमाडौं ।

सभा शुरु हुने समय : बिहान ८:०० बजे ।

छलफलको विषयहरू :

(क) प्रस्तावहरु :

१. संचालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक बर्ष २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समिति सम्बन्धमा ।
५. प्रबन्धपत्र नियमावली संशोधन सम्बन्धमा
६. नगद लाभांस वितरण गर्ने सम्बन्धमा

(ख) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिब

कस्तो हुँदै छ खेलकर्मीको दसैं ?

रमेश सुवेदी/नयाँ पत्रिका

नेपालीहरूको महान् चाड बडादसैं सुरु भएको छ। हिन्दू धर्मावलम्बीका लागि यो चाड अझै विशेष रहन्छ। वर्षमा एकपटक आउने चाड सबैका लागि विशेष हुने भइहाल्यो। घरपरिवार, देश-विदेशमा रहने आफन्तसँगै दाजुभाइ, दिदीबहिनी एकै स्थानमा जम्काभेट हुने अवसर भएकाले पनि दसैंलाई विशेष रूपमा लिइने गरेको हो। नयाँ-नयाँ कपडा लगाउने, मीठो-मीठो खाना खाने, चंगा उडाउने, पिङ खेल्दै नेपाली समाजमा दसैं मनाउँदै आइएको छ। अन्य क्षेत्रमा झैं खेलकुदमा पनि यो वर्षको छुट्टै महत्त्व छ। वर्षभरि खेल खेलेका खेलाडी घरपरिवार, इष्टमित्र, साथीभाइलाई भेट्न र रमाइलो गर्न घर पुग्ने गर्छन्। सधैं खेलमा व्यस्त रहने अधिकांश खेलका खेलाडीले यसपटक विश्राम पाएका छन्। यसपटक क्रिकेट र पारा ओलम्पिकका खेलाडी अन्तर्राष्ट्रिय खेलकुदमा व्यस्त छन्। पुरुष राष्ट्रिय क्रिकेट टोलीले मूलपानीमा थ्री नेसन्स कप खेलिरहेको छ। यू-१९ पुरुष क्रिकेट टोलीले मलेसियामा एसिसी प्रिमियर कप खेलिरहेको छ। युवा टोली एसिया कपमा छनोट हुने योजनासहित प्रतियोगितामा होमिएको छ। टोली छनोटका लागि एक जित मात्रै टाढा छ। पारा तेक्वान्दोका खेलाडी एसियन गेम्समा पुगेका छन्। यसबाहेक अन्य खेलका खेलाडी व्यस्त छन्। १९औँ एसियाली खेलकुद (एसियाड) खेलेर नेपाली टोली स्वदेश फर्किएको छ। २९ खेलका दुई सय ५३ खेलाडी एसियाड खेलेर स्वदेश फर्किएका हुन्। स्वदेश फर्किएसँगै अधिकांश खेलाडी घर पुगिसकेका छन्। केही भने पुग्ने अवस्थामा छन्। यसपटक दसैंमा खेलाडी के गर्दै छन् ?

घर परिवारसँग दसैं मनाउँछु

मानबहादुर श्रेष्ठ, कप्तान, भलिबल



यो एक महिना निकै व्यस्त भएँ। सुरुमा चीनको हाङझाउमा भएको १९औँ एसियाली खेलकुदपछि श्रीलंकामा प्रतिस्पर्धा गर्न गएँ। त्यसछि अहिले महेन्द्रनगरमा भलिबल खेल्न आएको छु। त्रिभुवन आर्मीले सहभागिता जनाएपछि प्रतिस्पर्धामा सहभागी भएको हुँ। हामी च्याम्पियन भएका छौं। दसैंको मुखैमा यो उपलब्धिले खुसी दिलाएको छ। अब, घर जान्छु। यसपटक पनि गाउँ (नवलपुर)मा मनाउने योजना बनाएको छु। दसैंमा त्यस्तो विशेष मनाउने भन्ने केही छैन। सामान्य तरिकाले नै मनाउँछु।

घरमै रमाइलो गर्छु

सावित्रा भण्डारी, महिला खेलाडी, फुटबल



१९औँ एसियाली खेलकुदपछि इजरायल पुगेकी थिएँ। हमासको आक्रमणपछि मानसिक रूपमा डर थियो। स्वदेश आइपुगेँ। घर (लमजुङ) जाँदै छु। घरमै परिवारसँग रमाइलो गर्छु। अघिल्ला दसैंहरू खेलकै कारण धेरैपटक घरपरिवारसँग रमाउन पाइएन। यसपटक घरमा रमाइलो गर्ने अवसर पनि हो। क्लबले बोलाएपछि फेरि फर्कनुपर्छ। जति समय हुन्छ, घर परिवारमै रमाइलो गर्छु।

दसैंमा चंगा उडाउँछु


संगिना वैद्य, पूर्वखेलाडी, तेक्वान्दो



दसैं सबैले हर्षोल्लासका साथ मनाउने गर्छन्। सबैले दसैं विशेष रूपमा मनाइरहँदा म भने सामान्य रूपमा मनाउने गर्छु। खासमा दसैंमा मेरो विशेष केही छैन। मूलघर नुवाकोटमा भए पनि धेरैजसो रमझम काठमाडौंमा नै हुने गर्छ। यहाँ साथीहरूसँग हुन्छु। टीका काठाडौंमा पनि हुन्छ। दसैंका वेलामा मूलघर नुवाकोटमा पनि जान्छु। दसैंको एउटा रमाइलो पक्ष भनेको चंगा उडाउने हो। यसलाई म कहिल्यै पनि मिस गर्न सक्दिनँ।

एसियाडको पदकसँगै हुन्छु

एरिका गुरुङ, कराँते, खेलाडी



चीनको हाङझाउमा जितेको रजतपदकको बधाई लिने क्रम अहिलेसम्म रोकिएको छैन। मैले कराँतेमा पहिलोपटक रजत पदक दिलाएका कारण सिंगो देश रमाइरहेको छ। घर परिवार सबै खुसी छन्। सबैबाट साथ पाएको छु। दसैंमा धेरै व्यस्त हुन्छुजस्तो लाग्छ। पदकपछि सबैले साथ दिएका छन्। घर परिवारसँगै दसैं मनाउँछु। भ्याएसँग इष्टमित्र कहाँ पुग्छु।

घरपरिवारसँग रमाउँछु

एन्जिला तुम्बाप्पो सुब्बा, महिला खेलाडी, फुटबल



१९औँ एसियन खेलकुद भएकाले पछिल्लो समय धेरैजसो अभ्यासमै बितेको थियो। विभागमा आबद्ध भएकाले मेरो दैनिकी अभ्यासमै केन्द्रित रह्यो। यतिवेला म मेरो फिल्म (अञ्जिला)को सुटिङमा व्यस्त छु। अहिले क्लास चलिरहेको छ। दिउँसोको समय त्यतै जान्छ। अब, दसैं सुरु भएको छ। साथीसँग रमाइलो हुन्छ। घर जाने पनि योजना छ।

टीकाबिनाको दसैं हुनेछ

उषा भण्डारी, भलिबल खेलाडी



एसियाड खेलेर पर्किएपछि विश्राम पाएकी छु। घरपरिवारसँगै बसिरहेकी छु। यसपालि काठमाडौंमा नै हुन्छ। दशैंको रमाइलो सुरु भइसकेको छ। तर, यसपालि मेरो टीका छैन। गत वर्ष हजुरआमा बित्नुभयो। आमाले टीका लगाउनुहुँदैन। म मात्रै के लगाउनु भनेर टीका लगाउँदिनँ भनेकी छु। टीकाविना नै यसपटक दसैं मनाउने हो।

दसैंसँगै क्रिकेट

ललित राजवंशी, खेलाडी, क्रिकेट



अहिले हामी पुनः एकपटक देशको प्रतिनिधित्व गरी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजमा सहभागी भइरहेका छौं। मूलपानी क्रिकेट मैदानमा त्रिकोणात्मक टी-२० शृंखला भइरहेको छ। दसैंसँगै क्रिकेट पनि चलिरहेको छ। हामी सबै खेलाडीको अहिले दसैं मनाउनेभन्दा पनि नेपाललाई शृंखला दिलाउने ध्यान छ। यो प्रतियोगितालगत्तै आइसिसी टी-२० विश्वकपको छनोट सुरु हुन्छ। त्यस पनि केन्द्रित हुनुपर्छ। हामी सबै होटेलमै रमाइलो गरिरहेका छौं। यद्यपि, सिरिजका कारण घर जाने नपाए पनि टोलीमा रहेका साथीहरूसँगै रमाइलो भइरहेको छ।

नेपालको प्रतिद्वन्द्वी जापान

नयाँ पत्रिका

एसिसी यू-१९ प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा नेपालले जापानको सामना गर्ने भएको छ। मलेसियामा चलिरहेको प्रतियोगिताको सेमिफाइनल खेल शनिबार हुनेछ। दोस्रो सेमिफाइनलमा युएईले सिंगापुरको सामना गर्नेछ। नेपाली टोली समूह 'ए' र जापान समूह 'डी'को विजेता बन्दै अन्तिम चारमा पुगेका हुन्। युएई समूह 'बी' र सिंगापुर समूह 'सी'को विजेताका रूपमा सेमिफाइनलमा प्रवेश गरेका हुन्। नेपालले समूह चरणमा शतप्रतिशत जित निकालेको थियो। नेपालले पहिलो खेलमा इरानमाथि दुई सय ७४ रनको जित निकाल्यो।

एसिसी यू-१९ प्रिमियर कप क्रिकेट प्रतियोगिताका तीनवटा टोली यसै वर्ष पाकिस्तानमा आयोजना हुने एसिसी यू-१९ एसिया कपमा छनोट हुनेछन्

दोस्रो खेलमा नेपालले बहराइनलाई सात विकेटले पराजित गरेको थियो।

यस खेलमा दीपेश कँडेलले ६ विकेट लिएका थिए। समूह चरणको अन्तिम खेलमा नेपालले साउदी अरेबियालाई तीन सय दुई रनको विशाल अन्तरले हराएको थियो। यस खेलमा पनि दीपेशले ६ विकेट लिएका थिए। प्रतियोगितामा जापानाले हङकङलाई डकवर्थ लेविस पद्धतिका आधारमा ५७ रनले हराएको थियो। जापानले दोस्रो खेलमा इन्डोनेसियालाई नौ विकेट र मलेसियालाई डकवर्थ लेविस पद्धतिका आधारमा ६ रनले निराश बनाएको थियो।

प्रतियोगितामा १६ वटा राष्ट्र सहभागी छन्। यस प्रतियोगिताबाट तीनवटा टोली यसै वर्ष पाकिस्तानमा आयोजना हुने एसिसी यू–१९ एसिया कपमा छनोट हुनेछन्। मलेसियामा चलिरहेको प्रतियोगितामा पहिलो र दोस्रो हुने टोली एसिसी यू–१९ एसिया कपको समूह 'ए'मा पर्नेछन्। एसिसी यू-१९ एसिया कपको समूह 'ए'मा भारत र पाकिस्तान छन्। छनोट प्रतियोगितामा तेस्रो हुने टोली एसिसी यू–१९ एसिया कपको समूह 'बी'मा पर्नेछ। पाकिस्तानमा आयोजना हुने प्रतियोगिताको समूह 'बी'मा बंगलादेश, श्रीलंका र अफगानिस्तान रहेका छन्।

नेमार नौ महिना मैदानबाहिर



उरुग्वेविरुद्धको खेलमा चोटग्रस्त बनेका ब्राजिलका नेमार नौ महिनापछि मैदानमा फर्कन सक्ने

एजेन्सी/ ब्राजिलका युवा स्ट्राइकर नेमार जुनियर चोटका कारण कम्तीमा नौ महिना मैदानबाहिर रहने भएका छन्। सन् २०२६ को विश्वकपअन्तर्गत दक्षिण अमेरिकी छनोटमा उरुग्वेविरुद्ध घाइते भएका नेमारको बिहीबार लिगामेन्ट र मेनिस्कसको शल्यक्रिया भएको छ। शल्यक्रियापछि नेमार नौ महिना मैदानमा फर्कन नसक्ने चिकित्सकले जनाएका छन्। नेमारको बायाँ घुँडा भाँचिएपछि शल्यक्रिया गरिएको उनी आबद्ध अल हिलालले जनाएको छ। उरुग्वेसँग २-० ले पराजित भएको खेलमा उरुग्वेका निकोलस डी ला क्रुजसँग बल खोस्ने क्रममा नेमार मैदानमा ढलेका थिए।

मैदानमा सामान्य परीक्षणपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। 'घुँडाको शल्यक्रिया भएको छ, यो समय परिवारलाई दिनुपर्छ,' नेमारले भनेका छन्। मैदानबाहिर रहँदा नेमारले अब विश्वकप छनोटका केही खेल र कोपा अमेरिका गुमाउन सक्छन्। गत अगस्टमा नेमार साउदी अरेबियाको प्रो लिग क्लब अल हिलालमा अनुबन्ध भएका थिए। फ्रेन्च लिग वान क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)मा ६ सिजनपछि उनी साउदी पुगेका हुन्। सन् २०१७ मा पिएसजीले नेमारलाई बार्सिलोनाबाट भित्र्याउन कीर्तिमानी दुई सय २२ मिलियन युरो खर्चिएको थियो। 'यो मेरा लागि दुःखद हो, यद्यपि आफूलाई बलियो बनाउनुपर्छ,' उनले भने।

ब्राजिलका सर्वाधिक गोलकर्ता

पिएसजीबाट अल हिलालमा आबद्ध हुँदा उनले ७८ मिलियन पाउन्ड पाए। साउदी प्रो लिगमा उनले दुई वर्षको सम्झौता गरेका छन्। उनले अल हिलालबाट प्रतिसिजन एक सय ३० मिलियन पाउन्ड पाउँछन्। नेमारले सन् २०२३ मा मात्रै दोस्रोपटक शल्यक्रिया गरेका छन्। यसअघि फेब्रुअरीमा पेरिसमै उनले शल्यक्रिया गरेका थिए। उनी ब्राजिलको राष्ट्रिय टोलीका सर्वाधिक गोलकर्ता हुन्। गत सेप्टेम्बरमा उनले पेलेको ७७ गोलको कीर्तिमान तोडेका थिए। उनले बोलिभियाविरुद्ध दुई गोल गरेका थिए। नेमार चार वर्ष बार्सिलोनामा रहे। त्यस समय उनी करिअरकै उत्कृष्ट लयमा थिए। बार्सिलोनामा उनले एक सय २३ खेल खेल्दा ६८ गोल गरेका थिए।

पाकिस्तान अस्ट्रेलियासँग ६२ रनले पराजित



बेंग्लोर/ आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा अस्ट्रेलियाले पाकिस्तानलाई ६२ रनले हराएको छ। भारतको बेंग्लोरमा अस्ट्रेलियाले पहिलो ब्याटिङ गरी नौ विकेटको नौक्सानीमा तीन सय ६७ रनको विशाल योगफल खडा गरेको थियो। प्रत्युत्तरमा पाकिस्तानले ४५.३ ओभरमा तीन सय पाँच रन बनाएको थियो। पहिलो ब्याटिङ गरेको अस्ट्रेलियाका लागि ओपनरद्वय डेभिड वार्नर र मिचेल मासले शतकीय योगदान दिएका थिए। वार्नरले १२४ बलमा एक सय ६३ रनको योगदान दिए। उनले १४ चौका र नौ छक्का प्रहार गरे। मासले १०८ बलमा एक सय २१ रन बनाए। उनले १० चौका र नौ छक्का प्रहार गरे। वार्नर र मासले पहिलो विकेटका लागि दुई सय ५९ रनको साझेदारी गरेका थिए। पाकिस्तानका साहिन साह अफ्रिदीले ५४ रनमा पाँच विकेट लिए।

प्रत्युत्तरमा पाकिस्तानले उत्कृष्ट सुरुवात गऱ्यो। ओपनर अब्दुल्लाह साफिक र इमान उलहकले पहिलो विकेटका लागि २१.१ ओभरमा एक सय ३४ रनको साझेदारी गरे। अब्दुल्लाहले ६१ बलमा ६४ रन जोडे। इमानले ७१ बलमा ७० रन जोडे। मोहमद रिजवानले ४० बलमा ४६ रन बनाए।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

खेल संक्षेप

जयस्नु र योङ्गीलाई स्वर्ण

काठमाडौं/ कीर्तिपुर नगरपालिका ६ का जयस्नु महर्जन र कीर्तिपुरकी योङ्गी पौडेलले तेस्रो अल नेपालअन्तर वडा टेबलटेनिस प्रतियोगितामा शुक्रबार स्वर्ण जितेका छन्। यु-१६ पुरुष एकलमा जयस्नु र महिलामा योङ्गी पहिलो भएका हुन्। प्रतियोगिताको पुरुष फाइनलमा जयस्नुले ललितपुर महानगरपालिका-७ का एलेन महर्जनलाई ३-२ को सेटमा पराजित गरे। महिला उपाधि भिडन्तमा योङ्गीले ओखलढुंगाकी सुस्मिता खड्कालाई ३-२ ले हराइन्। भेट्टान ४० वर्षमाथि महिला एकलमा काठमाडौं-२९ की इन्दिरा पराजुलीले स्वर्ण हात पारिन्। इन्दिराले फाइनलमा आफ्नै वडाकी सम्झना पोखरेलमाथि ११-३, ११-८ र ११-६ ले हराइन्। ललितपुर ११ की शर्मिला शाक्य र भक्तपुरकी इमी प्रजापति तेस्रो स्थानमा रहे।

राष्ट्रिय टेनिस अर्को महिना

काठमाडौं/ वीर गणेशमान सिंह फउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्टस् कमिटीको संयुक्त आयोजनामा तेस्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिता १८ कात्तिकमा हुने भएको छ। प्रतियोगितामा सिनियर, भेट्टान र जुनियरमा गरी जम्मा २३ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक कमिटीका संयोजक सञ्जीव तुलाधरले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। सिनियरमा चार, भेट्टानमा सात र जुनियरमा १२ स्पर्धामा खेल हुनेछन्। सिनियर र भेट्टानमा गरी जम्मा नौ लाख पाँच हजार पुरस्कार रहेको कमिटीका सदस्य राजन खत्रीले जानकारी दिए। उनका अनुसार गत संस्करणभन्दा पुरस्कार राशिमा दुई लाख पाँच हजार वृद्धि गरिएको छ। जुनियरमा प्रोत्साहनस्वरूप गिफ्ट ह्याम्पर प्रदान गरिनेछ। आठदिने प्रतियोगिताका खेलहरू सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुनेछ।

त्रिभुवन आर्मीलाई उपाधि

कञ्चनपुर/ कञ्चनपुरस्थित महाकाली नदीको तटमा भएको 'बिच' भलिबल प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ। आर्मी क्वलले लिटिल बुद्ध एकेडेमीको टिमलाई २-० सेटले पराजित गर्दै उपाधि हात पारेको हो। भेट्टानतर्फ बेलौरी नगरपालिकाले ट्रफी पायो। बेलौरी नगरपालिकाको टिमले सशस्त्र प्रहरीलाई ३-२ को सेटले पराजित गर्दै उपाधि जितेको हो। प्रतियोगिताको खुलातर्फ २३ र भेट्टानतर्फ १२ टोली सहभागी भएका थिए। विजेताले एक लाख, उपविजेताले ५० हजार र तेस्रोले २५ हजार रुपैयाँ पाएका छन्। भेट्टानतर्फका विजेताले २५ हजार, उपविजेताले १५ हजार र तेस्रो खेलाडीले १० हजार रुपैयाँ हात पारेका कञ्चनपुर जिल्ला भलिबल संघका अध्यक्ष श्यामसिंह मौनीले बताएका छन्।

प्रकाशको सहज जित

काठमाडौं/ नेपालका प्रकाश अधिकारीले चौथो एसियाली पारा खेलकुदको ब्याडमिन्टनमा शुक्रबार जित निकालेका छन्। चीनको हाङझाउस्थित बिजे जिम्न्याजियममा भएको पुरुष एकलमा एसएल चार क्याटागोरीको समूह 'डी'मा प्रकाशले इराकका अली अल्सादीलाई २-१ ले पराजित गरे। ब्याडमिन्टनकै पुरुष एकलको एसयू ५ समूह 'जी'मा इन्डोनेसियाका द्वी कुर्निया ओडी लिस्टयान्टोले नेपालका हेमबहादुर गुरुङलाई २१-८ र २१-१० को सोझो सेटमा पराजित गरे। एसियाली पारा खेलकुदको औपचारिक उद्घाटन २२ अक्टोबरमा हुनेछ। पारा खेलकुदमा नेपालबाट विभिन्न १० खेलमा १९ खेलाडी सहभागी छन्।

रजत विजेता एरिका सम्मानित

काठमाडौं/ नेपाल एकायन कराँते संघले १९औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड)मा ऐतिहासिक रजत पदक जितेकी कराँतेकी एरिका गुरुङलाई बिहीबार नगदसहित सम्मान गरेको छ। संघले खुसिबुस्थित बहुउद्देश्यीय मार्सल आर्ट केन्द्रमा आयोजना गरेको कार्यक्रममा एरिकालाई २० हजारसहित सम्मान गरेको हो। एसियाडमा नेपाललाई कराँतेमा रजत दिलाउने एरिका पहिलो खेलाडी हुन्। एसियाली खेलकुदका प्रशिक्षक कुशल श्रेष्ठ, छोरी डंगोल र वीरकृष्ण महर्जन तथा व्यवस्थापक निवासगोपाल वैद्यलाई पनि प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको थियो। यसैबीच ब्राजिलको रियो दी जेनेरियोमा आयोजना भएको आइएसएफ यू-१५ जिम्न्यासाइडमा कांस्य पदक विजेता बक्सिङ खेलाडीद्वय सेरप ग्याल्जेन शेर्पा र प्रकृति थापालाई नगदसहित सम्मान प्रदान गरिएको छ। नेपाल विद्यालय खेलकुद महासंघले दुवै खेलाडीलाई जनही ३० हजार रुपैयाँ प्रदान गरेको छ।

११ क्लब छनोट

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)को 'बी' डिभिजनबाट ११ क्लब मताधिकारका लागि छनोट भएका छन्। अध्यक्षको अविश्वास प्रस्तावमाथि मतदान गराउन २३ कात्तिकमा हेर्टौंडामा बस्ने एन्फाको विशेष साधारणसभाका लागि 'बी' डिभिजनबाट ११ क्लब छनोट भएका हुन्। छनोट भएका क्लबहरूमा सरस्वती युथ क्लब (१३), वीरगन्ज युनाइटेड क्लब (१२), आरसिटी (११), च्यासल युथ क्लब (११), नयाँबस्ती युथ क्लब (११), बाँसबारी क्लब (११), मध्यपुर युथ एसोसिएसन (११), टुसाल युथ क्लब (१०), ब्रिगेट ब्वाइज क्लब (१०), श्रीकुमारी क्लब (१०) मतसहित छनोट भएका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com